## टिप्पणी

# उच्च शिक्षा सुधार्ने चार सूत्र

**चैतन्य मिश्र**

नेपालको आधुनिक उच्च शिक्षाको इतिहास धेरै पुरानो छैन ।[१] पहिलो विश्वविद्यालय खुलेको बल्ल साढे छ दशक हुँदैछ । र, उच्च शिक्षाको विस्तार जारी छ—करिब दर्जन विश्वविद्यालय खुलिसकेका छन्, र अब प्रादेशिक विश्वविद्यालयहरू पनि धमाधम स्थापना गरिँदैछन् । मोटा तथ्यांकमा नेपालको उच्च शिक्षा क्षेत्र ठिकठिकै देखिन जाला । तर, यो क्षेत्र अहिले अत्यन्त विषम परिस्थितबाट गुज्रिरहेको छ; उच्च शिक्षाको गुणवत्ता निरन्तर ओरालो लागिरहेको छ—शिक्षक-विद्यार्थीको स्तर एवं पाठ्यक्रमको र पढाइको तौर-तरिका सबै हिसाबले ।

मुलुकको सबैभन्दा पुरानो र ठूलो विश्वविद्यालय—त्रिभुवन विश्वविद्यालय (त्रिवि)—नै अझै पनि नेपालको उच्च शिक्षाको मूल थलो हो । उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीमध्ये करिब ७६ प्रतिशत विद्यार्थी त्रिविका ६२ आंगिक कलेज र त्रिविसँग सम्बन्धन लिएका १,०८२ निजी/सामुदायिक कलेजमा अध्ययन गर्छन् (युजीसी सन् २०२१) । तसर्थ, नेपालको उच्च शिक्षामा देखिएको बेथिति भनेको धेरै मानेमा त्रिविको बेथिति हो, र त्रिविमा सुधार ल्याउन सके हाम्रो उच्च शिक्षा पनि धेरै हदसम्म सुध्रन्छ । नेपालको उच्च शिक्षा क्षेत्रमा विद्यमान विसंगतिहरूको चर्चा गर्दै तिनलाई सुधार गर्ने चार मुख्य सूत्र म यो आलेखमा पस्कन्छु । थोरै पढाइमा र धेरै अनुभवमा यो आलेख आधारित छ । लामो समय म त्रिभुवन विश्वविद्यालयको शिक्षक रहेँ । र, यो लेखलाई सो अनुभवको टिपोटका रूपमा लिनु उपयुक्त हुन्छ । मैले यहाँ प्रस्तुत गर्ने सूत्र मूलतः त्रिविमा केन्द्रित रही तयार गरेको भए तापनि ती अन्य विश्वविद्यालय या समग्र उच्च शिक्षा क्षेत्रका लागि पनि उत्तिकै काम लाग्ने ठानेको छु ।

[१] यो टिप्पणीको प्रारम्भिक मस्यौदा चौतारी वार्षिक सम्मेलन-२०२२ (नोभेम्बर ३०) मा प्रमुख व्याख्यान (की-नोट एड्रेस) को रूपमा प्रस्तुत गरिएको थियो ।

*समाज अध्ययन* १८ : १७९–२०६, २०८०

बिग्रे-भत्केको शिक्षा पद्धति सुधार्न शैक्षिक क्षेत्रमा हात हालेर मात्र पुग्दैन। कुनै पनि स्थान र समयावधिमा विभिन्न ऐतिहासिक र क्षेत्रगत पद्धतिहरू एक आपसमा जेलिएर रहेका हुन्छन्। कुनै एउटा पद्धति सुधार्न अन्य सम्बद्ध पद्धतिहरूमा समेत सुधार गर्नु पर्ने हुन्छ। उदाहरणका लागि, विद्यालय तहको शिक्षण सिकाइ सुधार्न विद्यार्थी, शिक्षक, स्कूल भित्रको व्यवस्थापन मात्र सुध्रिएर पुग्दैन। वित्तीय लगानी, नगर वा गाँउपालिका लगायत विद्यालय सञ्चालक समिति (बोर्ड) को व्यवस्थापन, घरपरिवारको आर्थिक र अन्य परिस्थिति, शहरीकरण, आदिमा समेत सुधार गर्दै जानु आवश्यक हुन्छ। व्यापक, समावेशी र समालोचनात्मक दृष्टिकोणको विस्तार पनि आवश्यक हुन्छ। भक्ति र विश्वासलाई होइन, अनन्त कौतुहल र सन्देहलाई बढवा दिन सक्दा नै शिक्षाको प्रवर्द्धन हुन्छ। सबै स्थापित "सत्य," संरचना, मान्यता, र आफैमाथि समेत सन्देह नगरी सुशिक्षित बन्न सकिँदैन। यसरी कुनै पनि पद्धतिको गहिरो र दिगो सुधार गर्नका लागि अन्तर्पद्धतिगत सुधार आवश्यक बन्छ। यस्तो सुधार एक पटक गरेर पनि पुग्दैन। हरेक सुधार नवीन समस्या र सम्भावना बोकेर आउँछ। तसर्थ, पहिलो सुधारपछि दोस्रो, तेस्रो र त्यसपछि आवश्यक पर्ने सुधारका शृंखलाहरू लागु गर्दै जानु पर्ने हुन्छ।

यसको अर्थ कुनै स्थापित पद्धतिभित्रै सुधारबाट उपलब्धि हासिल गर्न सकिँदैन भन्ने होइन। वास्तवमा हरेक पद्धतिभित्र गरिने सुधारले अरू पद्धतिहरूमा रहिरहेका पुरातनता र विकारहरू औँल्याइदिन्छ। सही नेतृत्व छ भने यसरी इंगित पुरातनता र विकारहरू केही सहज रूपले र मापन र हल गर्न सकिन्छ। तर, शिक्षा क्षेत्रमा नै—अझ उच्च शिक्षा क्षेत्रमा—केन्द्रित हुँदा पनि शिक्षासँग अन्तरंग रूपले गाँसिएको र यस क्षेत्रलाई भाँडिरहेको र गिजोलिरहेको "गैरशैक्षणिक क्षेत्र" बारे विमर्श नगरी सुधारको सही दिशा पक्डन सकिँदैन। तसर्थ, उच्च शिक्षा सुधारका चार सूत्र पस्कने क्रममा पहिले म गैरशैक्षणिक क्षेत्रकै कुरा गर्छु, र त्यसपछि क्रमश: मुख्य शैक्षणिक क्षेत्रको।

## सुधार-सूत्र एक : दलीयकरणको जञ्जालबाट उन्मुक्ति

सुधारको पहिलो सूत्र शिक्षाको क्षेत्रलाई अन्य गैरशैक्षणिक क्षेत्रबाट समर्थन जुटाउनु, र ती क्षेत्रबाट शिक्षामाथि भइरहेको अतिक्रमणलाई क्षीण तुल्याउनु र रोक्नु हो। हाम्रो शैक्षिक क्षेत्र अहिले दलीयकरणबाट आक्रान्त छ। लामो अवधिसम्म हुकुमी र निर्दलीय—अर्थात् जनता आफै संगठित भएर मुलुकको अवस्था, गन्तव्य आदिबारे धारणा बनाउन र लागु गर्न नसक्ने—संरचनामा रहेकाले पनि लोकतन्त्र र बहुदलीयता हाम्रो लागि प्यारो छ। तर, यसको अर्थ हाम्रो जीवन, शिक्षास्थल, कार्यस्थल, जताततै राजनीतिक दलहरूको प्रभाव हुनु जरुरी छैन। यी यावत क्षेत्रमा दलको प्रभाव जति विस्तारित र गहिरो बन्यो देश उति उँभो लाग्छ वा नेपालीहरूको जीवन सुसंस्कृत, सुखी र समृद्ध हुन्छ भन्ने कदापि होइन।

विद्यालय या विश्वविद्यालयका विद्यार्थी, कर्मचारी र शिक्षक दलीय पहिचानमा लिप्त रहँदा; उनीहरूले व्यावसायिक उत्कृष्टता तर्फको स्वधर्म पालन नगर्दा; अनि विद्यालय र विश्वविद्यालयको सिंगो व्यवस्थापकीय प्रणालीमा दलीयकरण हुँदा शिक्षा क्षेत्रले संविधान, कानून, नीति आदिमा उल्लिखित उद्देश्य हासिल गर्न सकिरहेको छैन । अहिले हाम्रो शिक्षा क्षेत्रको जुन गति, दिशा, र (दुर)अवस्था छ, त्यो मूलतः दलीयकरणकै परिणति हो । अब पनि आमूल सुधार नगर्ने हो भने हाम्रो अवनति जारी मात्रै रहँदैन, ओरालो तर्फको यात्राको गति अझ तीव्र हुनेछ । हाम्रा विद्यार्थी, कर्मचारी, र शिक्षक विभिन्न राजनीतिक दलका कार्यकर्ता वा दलाल बनेका मात्रै होइन, यी तीन मूल कर्ताहरू सधैँ आपसी विवाद र ध्वंशमा उत्रने गरेका छन् । र, व्यावसायिक उत्कृष्टतालाई तिलाञ्जली दिइराखेका छन् । शिक्षा मन्त्री र प्रधानमन्त्रीले समेत विद्यालय र विश्वविद्यालयका स्थापित विधि, मूल्य र मान्यतालाई लत्याउँदै दलीय विद्यार्थी, कर्मचारी र शिक्षक संगठनहरूलाई अवैध प्रश्रय दिएका छन् । मानौँ, यो देश र जनता फगत दलहरूकै निमित्त जन्मेका र हुर्केका हुन् ।

राजनीतिक दलहरूका "भ्रातृ" संगठनका रूपमा विद्यार्थीका, शिक्षक/प्राध्यापकका र कर्मचारीका संगठन बन्ने-बनाउने परिपाटीले विद्यालय र विश्वविद्यालयमा अनेक विकृति भित्रिए । त्यसमाथि, दलै पिच्छेका र दलविशेष भित्र पनि विभिन्न गुट-उपगुट र नेताविशेषका आ-आफ्नै शिक्षक-विद्यार्थी-कर्मचारी नेता विश्वविद्यालयमा हावी हुँदा विश्वविद्यालयको पठन-पाठन, प्रशासन, सबै क्षेत्र अस्तव्यस्त छ । कम्तीमा बितेको दुई दशकयताको भोगाइ यही हो । दलका दास बनेका विद्यार्थी, शिक्षक, कर्मचारी आदिले विश्वविद्यालयमा पूर्णतया अनाधिकृत, अप्राज्ञिक र अनैतिक तवरले ताल्चा लगाइदिने, शिक्षक र प्रशासकलाई धम्क्याउने, निर्घात कुट्ने, कागजपत्र च्यात्ने, आदि गर्दैछन् । यी सबै घृणित गतिविधि राजनीतिक दल/नेताहरूको आडमा भइरहेको छ । मुलुकको कानून र त्रिवि नियमानुसार होइन विद्यार्थी नेतासँग चोचोमोचो मिलाएर काम गर्न शिक्षामन्त्री उपकुलपतिलाई आदेश दिन्छन् । प्राध्यापकलाई सांघातिक आक्रमण गर्ने विद्यार्थीलाई कानूनी दण्ड-सजायबाट गृहमन्त्री उन्मुक्ति दिलाउँछन्; अदालतमा चलिरहेका मुद्दा फिर्ता लिने प्रपञ्च गर्छन् । प्रधानमन्त्री स्वयंले विद्यालयका विद्यार्थीहरूलाई दलको संगठनमा हुल्न गरेको आह्वान दुई-तीन वर्ष मात्रै पुरानो हो । उच्च तहका कर्मचारी समेत कानून र नियममा होइन, विधिको शासनमा होइन, दल र नेता अनुकूल आचरण गर्दै नेता खुशी पार्न तल्लीन छन् ।

दल र नेताहरूले विद्यालय र विश्वविद्यालयको स्वामित्व लिएकै छैनन् । दल, नेता र धेरै हदमा विद्यार्थी-शिक्षक-कर्मचारीमा विश्वविद्यालयप्रति कुनै अपनत्व छैन, वा अत्यन्त न्यून छ । तर तिनै विद्यार्थी-शिक्षक-कर्मचारीमा राजनीतिक दल र तिनका नेता प्रतिको आस्था, अनुराग र अपनत्व उच्च छ । किनकि दलमा, नेतामा र दलले चलाउने सरकारमा

राजनीतिक शक्ति र आर्थिक-वित्तीय स्रोत लगायत इज्जत, धाक, रवाफ केन्द्रित छ । विश्वविद्यालयको प्रशासनलाई कज्याउन दल, नेता, मन्त्री आदिले सहजै सक्छन् भन्ने पूर्ण विश्वास विद्यार्थी-शिक्षक-कर्मचारीलाई छ । यसले विश्वविद्यालयको प्राज्ञिकता र गुणवत्ता लगायत सामान्य सौहार्दतामा पनि अक्षम्य घात पुऱ्याइरहेको छ । दलीय व्यवस्थाको सिद्धान्तलाई नहेरी अभ्यासलाई हेर्ने हो भने अहिले हाम्रा राजनीतिक दल र सरकारहरू विद्यालय र विश्वविद्यालयलाई बनाउन नभएर सेलाउन लागि परेका छन् भन्न हिच्किचाउनु पर्दैन । सुधारको आशा राख्न सकिने ठाउँ अब धेरै छैन । तथापि, दल र सरकारहरूले गम्भीर भएर सोचे उत्तम हुन्थ्यो । अब सबै प्रबुद्ध नागरिकजनले सोध्नुपर्ने भएको छ : उहाँहरू हरेक नेपाली आफ्नै खुट्टामा उभिन सक्ने गरी सक्षम हुन् भन्ठान्नुहुन्छ कि भन्ठान्नुहुन्न ? लोकतन्त्र अन्तर्गतको स्वायत्त र आफै विचार गर्नसक्ने नागरिक उत्पादनको पक्षमा हुनुहुन्छ कि दलीयता सर्वोपरि हो भन्दै दलका नेताको नेतृत्व सर्वथा स्वीकार्ने नागरिकको ? व्यावसायिक श्रेष्ठता रोज्नु हुन्छ वा भाँडभैलो र निकम्मापन ? सक्षम, सबल र श्रेष्ठ नागरिक खोज्ने हो भने दलहरूले अँगालेको वर्तमान परिपाटी सर्वथा खारेजयोग्य छ । सिद्धान्ततः दलीय व्यवस्था लोकतन्त्रका लागि आवश्यक छ । तर, व्यवहारमा यसले आफ्नो धरातल र सीमा गुमाएको; अन्य सबै क्षेत्रहरूलाई गाँजेको; अनि गहुँगो र तीखो दलीय चपेटा पारेको छ । यसरी जनता, जनताका समूह र संस्थाहरूको अस्मिता अपहरण गरेर मुलुक धान्दा नागरिकको उन्नति हुँदैन, अवनति हुन्छ । देशको विकास हुँदैन, विनाश हुन्छ । यस्तो दलीय व्यवस्था लोकतन्त्रका लागि अपरिहार्य छ-छैन, मननीय छ ।

शिक्षाको उन्नति दलहरूको प्राथमिकतामा परेकै छैन । विभिन्न आम चुनावमा दलहरूले सार्वजनिक गरेका घोषणा पत्र/प्रतिबद्धता पत्र सम्झौं । उनीहरूका तीन प्रमुख प्रतिज्ञाभित्र शिक्षा सम्बन्धी प्रतिज्ञा परे ? प्रतिज्ञाको मूर्त रूप के रह्यो ? कुनै दल वा सम्भावित सांसदले आफ्नो सरहद वा निर्वाचन क्षेत्र भित्रका विद्यालय र विश्वविद्यालय सुधार्ने मूर्त प्रतिज्ञा गरे ? यी सबैको प्रश्नको उत्तर नकारात्मक आउँछ ।

नेपाल अहिले दलमय बनेको छ । राजनीतिक नेतृत्व यो स्थिति अझ विस्तार गर्न र गहिऱ्याउन लागीपरेको देखिन्छ । आमा समूहदेखि सामुदायिक वन समूह, विद्यालय र विश्वविद्यालय सञ्चालक समिति र पदाधिकारीहरू, सरकारी कर्मचारी, व्यापारिक संगठन र निजी क्षेत्र समेत गम्भीर दलीय चंगुलमा छन् । अनि अर्कोतर्फ, राज्यशक्ति सञ्चालन गरिरहेका दल र सरकारहरूले मुलुकलाई व्यावसायिक उत्कृष्टताबाट झन्-झन् टाढा धकेल्दैछन् ।

शिक्षा लगायत मुलुकको समग्र विकासका लागि लोकतान्त्रिक दलीय व्यवस्था उपयुक्त बन्न सक्छ । यसमा शंका गर्नुपर्ने स्थिति नआओस् । तर दलहरू सुन्निने र अन्य सबै क्षेत्र टाक्सिने अहिलेको नेपालको जुन परिपाटी छ, सो त्याज्य छ । यो दलीय प्रणाली लगायत

लोकतन्त्रकै लागि पनि घातक छ । यसबारे सबै दलले मन्थन गर्नु र समाधान निकाल्नु अत्यावश्यक भइसकेको छ ।

विश्वविद्यालयका हकमा यो समस्याको समाधानका अनेक पाटा हुनेछन् । तर, मुख्य पाटो हुनेछ—विद्यार्थी, कर्मचारी, शिक्षक, सिंगो व्यवस्थापकीय संरचना र नेतृत्वको कानूनी, वित्तीय र राजनीतिक गैरदलीयकरण । विद्यार्थी, कर्मचारी र शिक्षक संघ-संगठनहरूको उद्देश्य र काम-कर्तव्य मूलतः शुद्ध व्यावसायिक दायराभित्र खुम्चने छ । सो दायरा व्यावसायिक उत्कृष्टताको उद्देश्यबाट निःसृत हुनेछ । विश्वविद्यालयको जे उद्देश्य हो, सम्बन्धित संगठनहरूले सोही उद्देश्य पक्डने छन् । त्रिविको सदस्य हुन दलीय संरचनाको सदस्यबाट विमुख हुनु पर्नेछ । "दलको स्वार्थ, विश्वविद्यालयको नुन" गर्न पाइने छैन । विद्यालय र विश्वविद्यालय दलीय अखडा होइनन्, ती त विश्वऐतिहासिक ज्ञान र सीपको मनन, समालोचना प्रवर्द्धन र नवप्रवर्तनका चौतारी हुन् भन्ने मान्यता सर्वोपरि हुनेछ ।

राजनीतिक दलहरू शिक्षा र उच्च शिक्षाबाट राजनीतिक तवरले बाहिरिने, अर्थात् मुलुकको संविधान, कानून लगायत विश्वविद्यालय र विद्यालयहरूका आ-आफ्ना नीति-नियम लगायत शिक्षाका विश्वव्यापी मान्यताहरूलाई सम्मान गर्ने मूल बाटो आत्मसात्करणको हो । अर्थात् प्रथमतः हालको दलीयतन्त्र अन्तर्गत शिक्षा-क्षेत्र सप्रँदैछ वा झन्-झन् अधपतन हुँदै गइरहेको छ सो को लेखाजोखा राजनीतिक दलहरू आफैले गर्नुपर्छ । र, त्यसबाट निस्कने निचोड बमोजिमका नीतिगत, प्रशासकीय, वित्तीय आदि पाइलाहरू अविलम्ब र दृढ भएर चाल्नु पर्छ । दलहरूलाई यी कदम चाल्न सबैले प्रेरित गर्नु अत्यावश्यक छ । तर, एक त दलीयकरणको दायरा व्यापक छ । यसले शिक्षा मात्र होइन जीवन र समाजका सबै अंग गाँजेको छ । दलहरूले राज्यसत्ता आम नागरिकहरूसँग बाँडेका होइनन्, खोसेका र कब्जा गरेका छन् । राज्यसत्ताबाट नागरिकहरूलाई अलग्याउनु, नागरिकत्वको अपहरण गर्नु, राज्यका स्रोत-साधनमाथि दलीय कब्जा गर्नु भनेको फासीवादी चरित्र धारण गर्नु हो । शिक्षालाई स्वायत्त छोड्दा दलीयकरणका अन्य पाटाहरूबाट पनि हात झिक्नुपर्ने हो कि भन्ने चिन्ता र भय हुनु स्वाभाविक हो । यस कारणले पनि आत्मसात्करण कठिन हुने देखिन्छ । लामो कालसम्म नेपालको राजनीति मूलतः शिक्षक अनि प्राध्यापकहरूले धाने । अहिले सो सघनता अझ धेरै बढेको छ । पेसागत श्रेष्ठता नभएर दलीय नुनले जीवन्त रहने शिक्षक र प्राध्यापकको समूह ज्यादै ठूलो छ । अनि नुन चटाइरहने संस्कार उत्तिकै बलियो छ । यसले गर्दा पनि दलहरू आत्मसात्करणपट्टि लाग्ने सम्भावना न्यून छ । तर, पनि अवलम्बन गरिरहन पर्ने रणनीतिहरूमध्ये यो पनि महत्त्वपूर्ण छ भनेर अघि बढ्नु बुद्धिमानी हुन्छ ।

दोस्रो, आत्मसात्करणको जरुरत दलहरूलाई मात्र छैन । सबै नेपाली र खास गरेर विद्यार्थी, विद्यार्थीहरूका बाबुआमा, दाजुभाइ, दिदीबहिनी, छिमेकका र नातेदार विद्यार्थी

लगायत शिक्षक र प्राध्यापकहरूलाई पनि परेको छ । हाल यीमध्ये अधिकांशलाई आफ्ना छोराछोरी स्कूल, कलेज गएकै छन्, ठिकै त छ भन्ने परेको छ । स्कूलले र सरकारले वास्तवमै आफ्नो शिक्षा तर्फको कर्तव्य पूरा गरेका छन् कि, झारा टारेका मात्र छन्, कि वास्तवमै कर्तव्यच्यूत भएका छन् भन्ने कुराको हेक्का राख्न बाँकी छ । अझ, मासिक शुल्क तिर्नु नपर्दा वा थोरै मात्र तिर्नु पर्दा सित्तैमा वा झण्डै सित्तैमा शिक्षा पाइएकै छ, किन दोष थोपर्नु, शत्रु कमाउनु र बबण्डर मच्चाउनु भन्ने परेको छ । थप, विरलै मात्र फेल भइएको छ, प्रमाणपत्र पनि पाइएकै छ, किन बखेडा गर्नु भन्ने धेरैलाई परेको छ ।

यस्तो आत्मसात्करण निर्माण गर्न स्कूल-कलेज-विश्वविद्यालयपिच्छे वास्तविक शिक्षा-प्रेमीहरूको जमात गठन हुन आवश्यक छ । यो जमातमा पूर्वविद्यार्थी, उद्यमी, व्यापारी, आदि पर्न सक्छन् । कालान्तरमा यो जमातले अधिकांश शिक्षालयहरूका सञ्चालक वा व्यवस्थापन समितिहरूमा र विश्वविद्यालयका सिनेट आदिहरूमा आफ्नो आधिपत्य जमाउनु पर्छ । यो जमातले मुलुकभर स्थानीय, क्षेत्रीय र राष्ट्रिय तहमा शिक्षा, शैक्षिक व्यवस्थापन, दलीयकरण आदिबारे बहस छेड्नु पर्छ । र, सञ्चार जगतले सो बहसलाई प्रमुख स्थान दिएर देशव्यापी रूपमा गुञ्जायमान तुल्याउनु पर्छ ।

आत्मसात्करण पहिलो पाइलो मात्र हो । त्यसपछि अलि बढी संगठित प्रतिरोधको पालो आउँछ । आत्मसात्करणको सफलता जति उच्च रह्यो संगठित प्रतिरोध त्यति नै छिटो र व्यापक हुनेछ । आत्मसात्करण मध्यम वा निम्न तहको मात्र रहँदा पनि संगठित प्रतिरोध सीमित तप्काबाट शुरू भएर व्यापक बन्दै जान सक्छ । संगठित प्रतिरोधको मूल अंग माथि भनिएको शैक्षिक संस्थापिच्छे गठन हुने जमात हो । शिक्षाको राष्ट्रव्यापी बहसद्वारा र संगठित प्रतिरोधको दौरानमा नै एउटा जमातले अर्को जमातबाट सिक्ने र प्रतिरोध अझ धारिलो बनाउने काम हुन्छ । त्यस बाहेक, शिक्षाविद्हरूको राष्ट्रिय र अन्तर्राष्ट्रिय शिक्षा पद्धति, प्रतिरोध आदिको संश्लेषणले पनि प्रतिरोधलाई ठीक दिशा पक्डन प्रेरित गर्न सक्छ ।

प्रतिरोधको एउटा मुख्य उद्देश्य सबै व्यावसायिक संगठनहरूलाई उत्कृष्टता हासिल गर्न मद्दत गर्ने र अन्य उद्देश्यहरूलाई अत्यन्त सीमित तुल्याउने कानून निर्माण गर्नु हुनेछ । राजनीतिक दल प्रतिबन्धित हुँदा व्यावसायिक संगठनहरूले राजनीतिक उद्देश्य बोक्नु, गतिविधि गर्नु, सायद जायजै थियो । तर, अहिले राजनीतिक स्वतन्त्रता लगायतका नागिरक अधिकार प्राप्तिपछि त्यो अनावश्यक मात्र नभएर अत्यन्त प्रत्यूत्पादक बनेको छ ।

संगठित प्रतिरोध उच्च-मध्यम तहमा पुगेपछि सो प्रतिरोध समान धारणा र व्यवहार बोक्ने अन्य शक्ति र व्यक्तिहरू समेतको साथ लिई मूलतः शिक्षाको सांगठनिक, व्यवस्थापकीय र वित्तीय खाका कोर्ने अवस्थामा पुग्छ । र, सो खाका लागु गर्न उच्च शैक्षिक-राजनीतिक शक्ति र मनोबल सहित सरकार, संसद्, दल र अन्य शक्तिहरूसँग समय

बाँधेर वार्ताको शुरू र अन्त्य गर्नुपर्छ । सारमा, शिक्षा व्यवस्थालाई लिएर तीव्र राजनीतिक पाइला चालेर र दलीयकरणबाट जोगाउन लाग्नुपर्छ ।

## सुधार-सूत्र दुई : विश्वविद्यालय प्रणालीको पुनःसंरचना

भारत र अन्य केही देशहरूको सिको गर्दै नेपालमा त्रिभुवन विश्वविद्यालयको स्थापना भयो । यो सिकाइमा पछि केही परिवर्तन भए । खास गरेर अमेरिकी विश्वविद्यालयका केही तत्त्व पनि समावेश गरिए । यसबारे यसै जर्नलका एक सम्पादक (पराजुली सन् २०१८) ले विस्तारमा विवेचना गर्नु भएको छ ।

भारत र अन्य केही मुलुकहरूबाट सिकेर "सम्बन्धन" प्रणाली हाम्रो विश्वविद्यालयमा छिऱ्यो । यो प्रणालीमा विश्वविद्यालय एउटा कर्पोरेट केन्द्र झैँ भएर रहन्छ, र यसले अनेकौँ शाखा खोल्दै जान्छ । अथवा "फ्रन्चाइज" बेच्छ । त्रिभुवन विश्वविद्यालयमा यसरी गाँसिन आइपुगेका हाँगा (कलेज) हरू दुई प्रकारका छन् । विश्वविद्यालयकै एक किसिमका अंगहरू (अथवा आंगिक कलेज) र निजी वा सामुदायिक तवरमा खोलिएका इकाइहरू जो "लाइसेन्स" खोज्दै विश्वविद्यालयसँग जोडिन आइपुग्छन् (अर्थात् सम्बन्धनप्राप्त कलेज) । त्रिवि बाहेकका नेपालका अधिकांश विश्वविद्यालहरूको अवस्था पनि यही नै हो ।

निजी (वा सामुदायिक) सम्बन्धन प्राप्त र आंगिक इकाइहरूबीच केही उल्लेख्य फरकहरू छन् । तर, यो लेखको प्रयोजनका लागि भने यी दुईबीच समानता नै धेरै छन् । (यो पनि यहाँ टिपोट गर्नुपर्छ—आंगिक इकाइहरूको विस्तार झण्डै दुई दशकदेखि रोकिएको छ, र निजी इकाइहरूको विस्तार द्रुत गतिमा भइरहेको छ ।) दशकौँदेखि त्रिवि भीमकाय रहेको र उसको सो काया अझ सुन्निदै गएको छ; अनि उच्च शिक्षामा लगानी थप्न नेपाली राज्य अनिच्छुक रहेका कारणले सम्बन्धनको प्रक्रिया द्रुत गतिमा दौडिरहेको छ । खास गरेर वि.सं. २०४६ र वि.सं.२०६२/६३ सालपछि क्याम्पसहरूको लोकतान्त्रिक लोकरिझ्याइँको विस्तारको अवधि शुरू भयो, र सोही कारणले गर्दा त्रिविको व्यवस्थापन असाध्य बनेको छ भन्ने बोध पलाँउदै गएको छ । यो वास्तविकतालाई मार्टिन चौतारीका केही अध्ययन रिपोर्ट र नीतिपत्रहरूमा नजिकबाट वर्णन गरिएको छ (हेर्नुहोस्, मार्टिन चौतारी २०७१, २०७२) ।

सुन्निदै गएको त्रिविको व्यवस्थापकीय भ्वाङबारे मार्टिन चौतारी र अन्यको ध्यान जानुको पछाडि थप एउटा कारण पनि छ । त्यो हो—त्रिवि बाहेक अन्य कतिपय विश्वविद्यालय दलीय आग्रहमा खोलिनु, ती नवस्थापित विश्वविद्यालयहरूले त्रिविका आंगिक र अन्य क्याम्पसमाथि दाबी गर्नु र त्रिविले साथ दिन नमान्नु । गएको दुई दशकदेखि चालु यो छिनाझपटी कहिले, के भएपछि अन्त्य हुन्छ भन्न सकिँदैन । उपरोक्त रिपोर्टहरूमा यही रस्साकस्सीबारे वर्णन र चिन्तन गरिएका छन् । चलनचल्तीको हेराइमा यो

रस्साकस्सीको प्रमुख दोषी त्रिवि-नेतृत्व हो । दोस्रो हेराइमा भने दोष त्रिविको नेतृत्वको त हो, तर साथै दलको दलाली गर्ने प्राध्यापक लगायत कर्मचारी र विद्यार्थी संघ-संगठनहरूको पनि हो । विभिन्न दल र सरकारहरूका शिक्षा क्षेत्र नेतृत्व गर्ने मन्त्रीहरू, जो यो समस्यालाई हल गर्नुको सट्टा यसबाट टाढा-टाढा भाग्न चाहन्छन्, उनीहरू मुख्य दोषी हुन् । दल र सरकारहरूले जिम्मेवारीच्यूत हुन किमार्थ मिल्दैन ।

त्रिवि सुन्निनुको हल खोज्ने क्रममा अनुसन्धाता र नीति विश्लेषकहरूले व्यवस्थापकीय श्रेष्ठतालाई जोड दिएका छन् । यो सिफारिस उपयुक्त हुँदाहुँदै पनि यथेष्ठ भने छैन । पहिलेको "कलेज" बाट "क्याम्पस" को मोडेलमा जानु र सम्बन्धनलाई बढावा दिँदै जति धेरै क्याम्पसलाई सम्बन्धन दियो, उति बेस भने झैँ व्यवहार गर्नुको पछाडि राजनीतिक र वित्तीय लाभ त छँदैछ, साथै विश्वविद्यालयहरू र सरकारको "जे छ हुन दिने, कुनै पनि किसिमको थप जोखिम नलिने" लम्पट नीति पनि उत्तिकै जिम्मेवार छ । सम्बन्धन मोडेलले शैक्षिक, प्राज्ञिक लगायत विद्यार्थी र शिक्षकको समग्र व्यक्तित्व निर्माणमा गम्भीर नकारात्मक प्रभाव पार्छ । अझ भनौँ, यो मोडेलले स्वायत्त नागरिकत्व लगायत लोकतन्त्रलाई समेत फस्टाउनबाट रोक्छ ।

सम्बन्धन मोडेल अन्तर्गतको पठन-पाठन प्रणालीमा शिक्षा दिने र लिने वस्तु बन्छ । अर्थात् शिक्षा घोक्ने र परीक्षामा ओकल्ने, प्रमाणपत्र पाइने र सो प्रमाणपत्रलाई जागिर लगायत विहेबारी, इज्जत, आदिका लागि भजाउन सकिने वस्तुसरह बुझिने हुन्छ । कलेज जानुको मूल उद्देश्य ज्ञान होइन, प्रमाणपत्र आर्जन गर्नु बन्छ । विद्यार्थीलाई ज्ञान, सीप, दृष्टिकोण होइन प्रमाणपत्र आर्जन गर्न सघाउनु हुन्छ । केही दशकयता प्रमाणपत्र आर्जन गर्ने तरिका झन्-झन् विकृत बन्दैछ ।

क्याम्पस र सम्बन्धनको मोडेलले "ज्ञान एउटै मात्रै छ र त्यो किताबबाट प्राप्त हुन्छ" भन्छ । कण्ठ गर्ने, कक्षामा नोट लेखाइदिने, लेखाइ माग्ने, आदि यही मोडेलका आयामहरू हुन् । क्याम्पस र सम्बन्धन मोडेल अन्तर्गत विद्यार्थीहरू मात्र नकारात्मक रूपले प्रभावित हुने होइनन् । यो मोडेलले सिंगो क्याम्पस, शैक्षिक प्रशासन र अझ शिक्षकहरूमा प्राज्ञिक कौतुहलता, संलग्नता, अपनत्व, खोज, आदिको विकास हुन दिँदैन ।

प्रसंग म आफै संलग्न एउटा कुकर्मबाट शुरू गरौँ । गएको ४२ वर्षदेखि म लगातार त्रिविको समाजशास्त्रको विषय समिति अन्तर्गतको स्थायी समितिमा सदस्य छु । यो समितिको दायरा साँघुरो, तर अत्यन्त महत्त्वपूर्ण छ । सिंगो त्रिविभित्र अर्थात् देश भरिका सबै आंगिक र सम्बन्धन प्राप्त क्याम्पसमा बीए, एमए, एमफिल र पीएचडी तहहरूमा समाजशास्त्र अन्तर्गत के-के पढाइनु पर्छ र के-कस्तो शिक्षण-सिकाइ हुनुपर्छ भन्ने निर्णय यही समितिले गर्छ । विषय समितिमा मुख्यत: विश्वविद्यालय भित्रका शिक्षक र अन्य विषय-विज्ञ समेत गरेर १५–२० जना सदस्य हुन्छन् । सबैजसो विषयका समितिहरूमा मुख्य गरेर

केन्द्रीय क्याम्पस कीर्तिपुर र काठमाडौँका केही अन्य क्याम्पसका शिक्षक र काठमाडौँमा उपलब्ध केही विज्ञ सदस्य हुन्छन् । देशभरि छरिएर रहेका त्रिविका अन्य क्याम्पसबाट यो समितिमा विरलै प्रतिनिधि शिक्षक र विषय-विज्ञ छानिन्छन् । मुलुक बाहिरका धेरै नाम चलेका विषय-विज्ञहरू पनि यो समितिमा हुँदैनन् । अन्तर्राष्ट्रिय विज्ञहरूको प्रसंग यहाँ उप्काउनुको अर्थ यो हो कि विश्वविद्यालयमा पठन-पाठन हुने हरेक विषयको दायरा र गहिराइ मुलुकजनीन् मात्र नभएर विश्वजनीन् हुनुपर्छ । सूचना, ज्ञान, शास्त्र, आदिको मुख्य मापन विश्वऐतिहासिक तहमा नै हुनुपर्छ, किनकि विश्वऐतिहासिक ज्ञान नै पूर्ण र संश्लेषित ज्ञान हो ।

तर स्थानिक (लोकल) बिनाको वैश्विक (ग्लोबल) हुँदैन, हुनै सक्दैन । स्थानिक र वैश्विक एक अर्कामा अन्योन्याश्रित निर्माता हुन् । यी एक अर्कामा सन्निहित छन् । जसरी वैश्विक ज्ञानबिना स्थानिक ज्ञानको सही आकलन गर्न सकिँदैन, त्यसरी नै वैश्विक ज्ञानलाई स्थानीय कसीमा घोटेर मात्र सो ज्ञानको सत्यापन गर्न सकिन्छ । यो कसीबाट निस्कने झिल्कोले वैश्विक ज्ञानलाई अझ उज्यालो र समृद्ध तुल्याउँछ ।

हाल विद्यमान विश्वविद्यालयको देशव्यापी, भीमकाय र अति केन्द्रीकृत अवस्थाले, र सोही अनुरूप म सदस्य रहेको जस्तो विश्वविद्यालयको सिंगो विषय समितिले स्थानीय ज्ञान, शास्त्र, पाठ्यक्रम, परीक्षा-पद्धति, आदिको मानमर्दन गर्छ । स्थानिकताको वैधता नकार्छ । ज्ञान लगनशील भएर स्वआर्जन गर्ने विषय होइन, अरूबाट प्राप्त गर्ने प्रसाद हो भन्नेमा विश्वास राख्छ । यस्तो प्रणालीले विद्यार्थीबाट प्राज्ञिक जागरुकता र कौतुहलताको माग गर्दैन । सुगा-रटाइ यथेष्ठ हो भन्ने ठान्छ । त्यसै गरी, यस्तो प्रणालीले सूचना, ज्ञान, शास्त्र आदिको खोजमा निरन्तर समर्पित प्राध्यापकको होइन, शास्त्रीय धार गुमाएर भुत्ते भइसकेको र पुरानो नोटमा भरपर्ने प्राध्यापकको सिर्जना गर्छ, र तिनलाई मलजल गर्छ । अनि, यस्तै किसिमको शिक्षण-सिकाइ प्रणालीलाई मलजल गर्ने व्यवस्थापकीय प्रणाली पनि कायम गराउने प्रयत्न गरिरहन्छ ।

त्रिभुवन विश्वविद्यालय ज्यादै छरियो, ज्यादै ठूलो भयो र यसै कारण व्यवस्थापन गर्नै नसिकने स्थितिमा पुग्यो भन्ने निचोड आफैमा बेठिक छैन । तर, यो निचोडले विश्वविद्यालयको मुटु अर्थात् यसको प्राज्ञिक सारतत्त्व अथवा ज्ञान उपार्जन गर्ने विधि, विद्यार्थी-शिक्षक-प्रशासकहरूमा अत्यावश्यक गुण, पाठ्यक्रम र पाठ्य सामग्री, परीक्षा प्रणाली, आदिलाई आफ्नो प्रणालीगत अध्ययनको केन्द्रबिन्दु मानेको देखिँदैन । चुस्त व्यवस्थापन र प्रभावकारी पठन-पाठन हालको भन्दा राम्रो तुल्याउन सानो आकारको विश्वविद्यालय मद्दतकारी हुन्छ नै—कमसेकम त्रिविको अहिलेको विशाल स्वरूप र अत्यन्त फितलो शिक्षण-सिकाइको सन्दर्भमा । तर पठन-पाठनको स्तर उकास्न अवलम्बन गर्नुपर्ने उपाय मुख्यतया अरू नै छन् ।

सम्बन्धन प्रणाली खारेज गर्ने र सबै "ठूला" क्याम्पसहरूलाई छुट्टाछुट्टै स्वायत्त विश्वविद्यालयमा परिणत गर्ने, र स्तर उकास्ने काम भने सर्वोपरि महत्त्वको छ । त्यस्ता हरेक विश्वविद्यालयले व्यवस्थापकीय लगायत प्राज्ञिक स्वायतत्ता उपभोग गर्नुपर्छ । अर्थात्, हरेक शिक्षक, विभाग, आदिले आ-आफ्नो प्राज्ञिक अभिभारा आफै बोक्ने, कोर्स आफै बनाउने, पठन-पाठनको तौरतरिका आफै तय गर्ने, परीक्षा आफै सञ्चालन गर्ने, र हालको कीर्तिपुर सँगको व्यवस्थापन, विषय समिति आदिसँग बाँधिएको नाइटो काट्ने कामले मात्रै प्राज्ञिक कर्मलाई ठीक दिशा दिन्छ । सो सबै कामको लागि नवगठित विश्वविद्यालयहरूले जे-जे जायज मद्दत माग्छन् सो सरकार, त्रिवि आदिले परिपूर्ति गरिदिनुपर्ने हुन्छ ।

दोहोऱ्याइरहनु पर्दैन, बोकेको कुकुरले मृग मार्दैन । सम्बन्धन अन्तर्गत सञ्चालित वा आंगिक क्याम्पस र त्यस अन्तर्गतको प्रशासन, शिक्षक, विद्यार्थी र समग्र शैक्षिक-प्राज्ञिक कर्म र प्रक्रियाहरू बोकेका कुकुरसरह हुन् । यहाँ "बोकेको कुकुर" हेयको भाव लिएर वा लाञ्छना लगाउने हेतुले भनिएको होइन । केन्द्रले मोफसललाई कसरी बाँधेर राखेको छ, र सो जञ्जीर बाँधिएकोमा समेत रमाउने स्थिति विद्यमान रहेको असंगत स्थिति उजागर गर्न भनिएको हो ।

मूर्त रूपमा भन्दा, हरेक "ठूला" क्याम्पस विश्वविद्यालय बन्ने परिस्थिति सरकारले तत्काल निर्माण गर्नुपर्छ, र आगामी पाँच वर्षभित्र यस कामको अधिकांश भाग पूरा गर्नुपर्छ । यसो गर्दा क्याम्पस, क्याम्पस प्रमुख र अन्य प्रशासक, शिक्षक, विद्यार्थी, स्थानीय सरकार, स्थानीय नागरिक र तिनका समूहहरू, उद्योगी-व्यापारी लगायत अन्य सबै स्थानीय सरोकारवालाहरूले क्याम्पसलाई विश्वविद्यालय बनाउन आवश्यक कामहरूको फेहरिस्त तयार गर्ने, र आ-आफ्नो कामको पूर्ण जिम्मेवारी लिने खण्ड बन्छ । बनाउनु पर्छ । केन्द्रीय र प्रादेशिक सरकार तथा त्रिवि र अन्य विश्वविद्यालयहरूबाट लिन सकिने र पाउनै पर्ने मद्दतको फेहरिस्त तयार पार्नुपर्छ, र सो मद्दतबारे वकालत गर्नुपर्छ ।

यी काम गरेपछि मात्रै आफ्नो शैक्षिक संस्थाप्रति शिक्षक, विद्यार्थी, प्रशासक, स्थानीय सरकार लगायत आम जनताको अपनत्व सिर्जना हुन्छ र अभिवृद्धि समेत हुन्छ । प्राज्ञिक लगायत प्रशासनिक पराश्रयता न्यून बन्छ । जिम्मेवारी त बढ्छ नै, तर कर्तव्यपालनले सन्तुष्टि पनि दिनेछ । नवीन विश्वविद्यालयहरूले स्थानीय वैशिष्ट्ययुक्त शैक्षिक कार्यक्रम निर्माण गर्न र ती वैशिष्ट्यहरूको ज्ञानको आधारमा क्षेत्रीय, राष्ट्रिय र वैश्विक ज्ञान निर्माण गर्न, र सफल तुल्याउन सक्ने प्रणाली बस्छ ।

व्यावहारिक हिसाबले आगामी पाँच वर्षभित्र मुलुकका सबै महानगर र उपमहानगरका धेरैजसो क्याम्पसहरूलाई विश्वववियालयमा परिणत गर्न सकिन्छ । बाँकी सबै क्याम्पसहरूलाई स्थानिकताको आधारमा तीन-चार ओटा क्याम्पसमा गाभ्न सकिन्छ र यी क्याम्पसहरूलाई दुई-तीन वर्षपछि छुट्टै विश्वविद्यालयमा रूपान्तरित गर्न सकिन्छ ।

नेपालमा विश्वविद्यालयहरूको संख्या गएको दुई दशकमा केही बढेको छ । यसबाट आत्तिएर, "त्रिवि चलेकै छ, हामीले पनि त्रिविमा नै पढेर यो ओहोदामा पुगेकै हौँ" भन्ने भावना मन्त्री, सांसद, सचिव, सहसचिव आदिमा प्रशस्तै भेटिन्छ । तर, त्रिविको र त्यहाँका धेरै शिक्षकहरूको गुणस्तर अत्यन्त न्यून छ भन्न पनि उनीहरू कहिल्यै पछि पर्दैनन् । त्रिवि अहिले जे-जस्तो छ उसलाई र ऊ अन्तर्गतका अधिकांश क्याम्पसलाई हालको भन्दा धेरै उच्च तहमा उकाल्न सक्ने सम्भावना यथेष्ट छ ।

मूल प्रश्न, नेपालमा के गर्दा उच्च शिक्षा उँभो लाग्छ/लगाउन सकिन्छ भन्ने हुनुपर्ने हो । कति ओटा विश्वविद्यालय चाहिन्छ भन्ने छड्के प्रश्न—र यसमा निहितार्थ "चाहिनेभन्दा अहिले नै बढी भइसके"—राजनीतिज्ञ र कर्मचारीहरूले अघि नसार्नुपर्ने हो । तर, गुणस्तर सुधार नगर्नाले, नवीन सिर्जना नगर्नाले, र दलगत स्वार्थ पूर्ति गरिरहनाले उच्च शिक्षा अत्यन्त नाजुक स्थितिमा पुगेको छ ।

महानगर र उपमहानगरका क्याम्पसहरूलाई छुट्टाछुट्टै र स्वायत्त विश्वविद्यालयको तहमा उकाल्ने क्रमको एक-दुई वर्षभित्रै सबै सात प्रदेशमा क्याम्पस एकीकरणको खाका तयार गर्नुपर्छ । हालका लागि काठमाडौँ-ललितपुर-भक्तपुर र जोडिएका इलाकाका लागि १०–१५, प्रदेश १,२,३, र ४ को लागि १०–१५ र प्रदेश ५, ६, र ७ को लागि ५–१० ओटा छुट्टाछुट्टै र स्वायत्त विश्वविद्यालयको परिकल्पना गर्नु मनासिब देखिन्छ । यसो गर्दा विश्वविद्यालयहरूका प्राज्ञिक गुणवत्ता भिन्दाभिन्दै (तलमाथि) भएर जान्छ । यस्तो स्थिति/सम्भावना कतिलाई अपच हुन्छ । तर, नेपालभरिका क्याम्पस र विद्यार्थीहरू अहिले पनि एकै कोटिका छैनन् । नवीन विश्वविद्यालयहरूले एक-अर्काबाट सिक्ने र एक-अर्कासँग प्रतिस्पर्धा गर्ने स्थिति निर्माण गर्नु उत्तम हुन्छ ।

हुन त यो परिकल्पना कल्पनै सरह हुने सम्भावना उच्च छ । राजनीतिक दल र सरकारहरूका लागि यथास्थिति अत्यन्त लाभदायक छ । निक्खर दलीयताको दलदलभित्र सरकार रमाएको छ । अर्थात् सरकारले न्यूनतम तहमा समेत दलीय संगठनबाट स्वायत्तता लिएको देखिँदैन । तर, सरकार नेपालको हो, यो वा त्यो दलको होइन । देशव्यापी रूपले "मृग नमार्ने कुकुर बोक्न छोड्ने" र स्वायत्त, स्वामित्वभाव उच्च रहने, व्यावसायिक रूपले कर्तव्यनिष्ठ, व्यावसायिक नैतिकता उच्च राखेर ठिंग उभिन सक्ने प्राध्यापक लगायत विद्यार्थी र प्रशासक तयार हुने बाटो हिँड्नु अपरिहार्य छ । अन्यथा, सार्वजनिक रूपले "हामीले थाम्न सकेनौँ, लत्तो छाडिदियौँ" भन्न सक्नुपर्छ । यी दुवै गर्न नसक्ने हो भने हालका नागरिक र मतदाता तथा भविष्यका सन्ततिको तिरस्कार अंगिकार गर्नु पर्नेछ ।

उपर्युक्त प्रक्रियाको समग्र योजना बनाउँदै गर्दा दुई ओटा तत्काल देखिने संशय र जोखिम छन् । पहिलो, वित्तीय र आर्थिक बन्दोबस्तको । र दोस्रो, हालका केही क्याम्पस गाभिने र केही प्रतिस्पर्धामा खरो उत्रन नसक्ने वा नसकेर बन्द हुने सम्भावनाको । पहिलो

संशय र जोखिमबारे यसो भन्न सकिन्छ : गुणस्तरीय उच्च शिक्षा धान्न अहिलेको भन्दा केही बढी खर्च पक्कै लाग्छ । अहिले उच्च शिक्षाको वास्तविक र सम्भाव्य उपादेयताको दाँजोमा सरकारी लगानी अत्यन्त न्यून छ । स्मरणीय छ, उच्च शिक्षा सुध्रँदा विद्यालय शिक्षा समेत सुध्रेर जान्छ । वास्तवमा, केही नवगठित विश्वविद्यालयहरू मूलतः विद्यालय शिक्षा सुधार्ने मुख्य उद्देश्य लिएर नै गठन गर्न आवश्यक र सम्भव दुवै छ । सम्बन्धन र निजीकरणले नै मुख्य रूपमा गएको तीन दशकको नेपालको उच्च शिक्षा धानेको छ । उच्च शिक्षामा निजी लगानी नितान्त गलत हो भन्ने मनसाय मेरो होइन । गुणस्तरयुक्त उच्च शिक्षाका लागि निजी संस्थामा विद्यार्थीले महिनावारी शुल्क तिर्नु हुँदैन भन्ने पनि म ठान्दिन । मूल प्रश्न, ती निजी संस्था तथा त्यहाँ काम गर्ने शिक्षक, विद्यार्थी र प्रशासकले गुणस्तरीयताको प्रमाण के दिन सक्छन् भन्ने हो ।

नयाँ विश्वविद्यालय खोल्दा नेपाली राज्यले केही बढी लगानी अवश्य नै गर्नुपर्ने हुन्छ । प्रशासकीय खर्च केही बढ्न सक्छ । तर, अहिले त्रिविको जे-जस्तो संगठनात्मक विस्तार, पद र पदाधिकारीहरू, यातायात र अन्य खर्चका शीर्षकहरू छन्, ती नयाँ विद्यालयका लागि आवश्यक पर्दैन भन्ने पनि हेक्का राख्नु पर्छ । त्रिविका शिक्षकहरू अन्य विश्वविद्यालयमा लैजाँदा उनीहरूलाई हालको पद, महिनावारी, पेन्सन आदि सुनिश्चित गर्नुपर्ने हुन्छ । त्रिवि बराबरको सेवाको स्थायित्वको पनि सुनिश्चितता चाहिन्छ । तर यसो गर्दा खर्च बढ्नै पर्छ भन्ने छैन । तसर्थ, नयाँ विश्वविद्यालय सृष्टि गर्दा केही प्रशासकीय खर्च बढ्न सक्छ; केही थप खर्च हुने क्षेत्र चाहिँ गुणस्तर सुधारका लागि हो । गुणस्तर वास्तवमै बढ्छ भन्ने अठोट बनाउन सक्दा यो थप खर्च गर्न पटक्कै अन्कनाउनु पर्दैन ।

केही क्याम्पस गाभिने र केही क्याम्पस प्रतिस्पर्धा खप्न नसक्ने वा नसकेर बन्द हुने सम्भावना पनि छ । यस सम्बन्धमा यस्तो दृष्टिकोण राख्न सकिन्छ : तीनै तहका सरकारहरू, र स्थानीय तथा अन्य सरोकारवालाहरूले यथास्थिति र "काम चलाउ" शिक्षा—जुन वास्तवमा अधिकांश विद्यार्थी समुदाय र मुलुकको लागि बिरालो बाँध्ने र भविष्य भत्काउने शिक्षा हो—को बचाउ गरिरहन छाडेर उच्च शिक्षाको व्यापक उपादेयता बुझ्ने, सोबाट प्रेरित हुने र त्यस्तो शिक्षा पद्धति लागु गर्न प्रण गर्नु आवश्यक छ । यसबाट मात्रै मुलुकवासी र मुलुक बन्ने हुन्छ । यसो गर्दा उच्च र मध्यम गुणस्तरका शैक्षिक संस्थालाई विश्व र क्षेत्रीय तहको श्रेणी हासिल गर्न र निम्न तहका संस्थाहरूलाई पनि उच्च गुणस्तरीय हुन प्रेरित गर्नुपर्छ, र त्यसका लागि आवश्यक सहायता गर्नुपर्छ । साथै, पाँच वर्षभित्र उँभो लाग्ने छाँट पटक्कै नदेखाउने क्याम्पसलाई बन्द गर्ने राजनीतिक आँट देखाउनुपर्छ । यो आँट नदेखाउँदा सिंगो शिक्षा नै ओरालो लाग्ने र मुलुकले उच्च श्रेणीको प्रशासक, नीति-निर्माता लगायत राजनीतिज्ञ नपाउने स्थिति दशकौँदेखि बनेको र अहिले झन्-झन् स्खलन हुँदैगएको छ । यो स्थिति फेर्नु अत्यावश्यक छ ।

वास्तवमा, नेपालका विद्यार्थीहरूको भविष्य अन्धकार तुल्याउने यो विकराल परिस्थिति चिर्न प्रयत्न समेत नगर्ने राजनीतिक नेतृत्व, विद्यालय र शिक्षकहरू विरुद्ध संगठित प्रतिरोध जरुरी छ । नेपालका बालबालिका र विद्यार्थीहरू अरू मुलुकका बालबालिका र विद्यार्थीभन्दा कम क्षमतावान रहनुपर्ने कुनै कारण छैन । तर, नालायक नेतृत्व अन्तर्गत स्थिति झन्-झन् विकराल बन्दै गैरहेको तथ्य सन् २०२२ का विद्यालय र उच्चशिक्षा दुवै तहका परीक्षाका नतिजाहरूबाट समेत प्रस्ट हुन्छ । यो लज्जास्पद नतिजा विरुद्ध अभिभावक र स्थानीय सरकारको व्यापक र दिगो प्रतिरोध अत्यावश्यक भइसकेको छ ।

खोजिपस्ने हो भने थाहा लाग्छ, नेपालका (तात्कालिक अवस्थामा त्रिविका) अधिकांश कलेज/क्याम्पसलाई छुट्टाछुट्टै र आफ्नै खुट्टामा टेक्ने विश्वविद्यालयको रूपमा पुनःनिर्माण गर्ने धारणा तीन दशक अघिकै हो । मुख्य गरेर यो धारणा विश्व बैंक मार्फत प्रवाहित भएको हो । यो आफैमा एउटा महत्त्वपूर्ण धारणा थियो । मूलतः क्याम्पस/कलेजको वित्तीय स्वायत्ततालाई यो धारणाले जोड दिएको थियो । कलेज/क्याम्पसहरूलाई साधारण खर्च लगायत अन्य खर्चको लागि शुरूमै एकमुष्ट अनुदान दिने, त्यसपछिको पुँजीगत खर्च मूलतः क्याम्पस आफैले बेहोर्नुपर्ने अवधारणा त्यसमा निहित थियो । यो र अन्य केही सम्बन्धित पक्षहरूबारे कृष्ण अधिकारी र लोकरञ्जन पराजुली (सन् २०१४) ले आफ्नो लेखमा सजीव वर्णन गर्नुभएको छ ।

माथि इंगित गरिए झैँ, यो लेखले बोकेको अवधारणा भने तुलनात्मक रूपमा व्यापक छ । क्याम्पस/कलेजहरूलाई वित्तीय रूपले स्वायत्त तुल्याउने उद्देश्यबाट माथि उठेर यहाँ अघि सारिएको अवधारणा मुलुकको संविधान र कानूनभित्र रहेर सम्पूर्ण स्वायत्तता, संलग्नता र अपनत्वको हो । यो व्यापक स्वायत्तताभित्र बौद्धिक-प्राज्ञिक स्वायत्तता लगायत श्रेष्ठता पनि पर्छ । पठन-पाठन, अनुसन्धान, उपाधिको किसिम र उपाधि वितरण, परीक्षा-पद्धति आदि सबै प्राज्ञिक कर्महरूमा नवगठित विश्वविद्यालयहरू स्वायत्त हुन्छन् । यो स्वायत्तता अंगिकार गर्ने, श्रेष्ठता स्थापित गर्ने, र अपनत्व वृद्धि गर्ने काम हरेक विश्वविद्यालयहरूको सर्वोपरि लक्ष्य हुनेछ ।

शैक्षिक-प्रशासनिक स्वायत्तता व्यापक स्वायत्तताको पाटो हुनेछ । अमुक विश्व-विद्यालयको केन्द्रीय कार्यालयले सम्बन्धन दिने होइन कि हरेक विश्वविद्यालयले स्वायत्त रूपले आ-आफ्नै शैक्षिक प्रशासनिक नेतृत्व गर्नेछन् । एक-अर्काबाट सिक्नेछन्, तर स्वायत्त रहनेछन् । अपनत्व धारण गर्नेछन् । प्राध्यापकहरूको नियुक्ति आदि आफैले गर्नेछन् । सिनेट वा विश्वविद्यालयका सर्वोपरि शैक्षिक-प्रशासनिक अंगको सिफारिसमा मात्रै सरकारहरूले कुलपति वा सो सरहको पदाधिकारी नियुक्त गर्नेछन् । वा सो नियुक्तिको अधिकार सिनेट (वा सरहको अंग) लाई प्रत्यायोजन गर्नेछ । पठन-पाठनका सम्पूर्ण सामग्री र विधि स्वायत्त विश्वविद्यालयहरू आ-आफैले तय गर्नेछन् । विद्यार्थीहरूको चयन र भर्ना, पढाइ विषय र शिक्षण विधि आदि सबै स्वायत्त विश्वविद्यालयहरू आ-आफैले गर्नेछन् ।

जाहेर छ, अहिलेभन्दा धेरै स्वायत्त विश्वविद्यालय हुँदा कुनै विश्वविद्यालय अरू केहीभन्दा उच्च कोटिका बन्दै जानेछन् । साथै, कुनै विश्वविद्यालयले, कुनै शास्त्रको र अन्यले अन्य शास्त्रहरूमा उत्कृष्टता हासिल गर्नेछन् । हरेकले आ-आफ्नै खुट्टामा टेक्नुपर्ने बाध्यता, जिम्मेवारी ससम्मान बढ्दै जानेछ । आफ्नै खुट्टामा टेक्ने, स्वायत्त बन्ने र उत्कृष्ट हुन खोज्ने चाहना शुरू-शुरूमा कुनै-कुनै विश्वविद्यालयमा मात्रै हुनेछ । साथै, धेरै ओटा विश्वविद्यालय खडा गर्ने भन्नेबित्तिकै "त्रिभुवन विश्वविद्यालय फुटाउने" भन्ने पदावली र लाञ्छना तुरुन्त आइलाग्ने छ । तर, सवाल धान्नै नसकिने र सिंगो रूपले गुणवत्ता बढोत्तरी गर्न नसकिने स्थितिमा पुगेको स्थूलकायको विश्वविद्यालय (त्रिवि) कायम राखिरहने हो वा सिंगो मुलुकको र भावी सन्ततिको भविष्य उज्यालो पार्ने भन्ने हो । कृष्ण अधिकारी र लोकरञ्जन पराजुली (सन् २०१४) को माथि उल्लिखित लेखमा यस बारेका कठिन अनुभवहरू विशिष्ट रूपले चर्चा गरिएका छन् ।

यो समस्यालाई चिर्न हामी यो निचोडमा पुग्नु आवश्यक छ कि त्रिविको स्वामित्व त्रिविको हालको कार्यकारीको मात्र होइन । त्रिवि नेपालका नागरिकको, नेपालीका सन्ततिको र देशको, अर्थात् जनप्रतिनिधिहरूको र सरकारको पनि हो । यसर्थ "त्रिविले क्याम्पस छोड्न मानेन" भन्ने निचोड अत्यन्त कमजोर, अल्पदृष्टि सहितको र गैरजिम्मेवार निचोड हो । त्रिवि भित्रैबाट बहुविश्वविद्यालय जन्माउने काम त्रिवि लगायत मुख्यतया जनप्रतिनिधि र सरकारको हो । त्रिवि लगायत सबै सार्वजनिक संस्थाहरूको अन्तिम स्वामित्व जनप्रतिनिधि र सरकारमा निहित हुन्छ । तसर्थ, यहाँ भनिएको बहुविश्वविद्यालयको अवधारणा त्रिविले होइन, संसद् र सरकारले नै तय गर्नुपर्छ । यो अवधारणालाई कार्यरूप दिने बुता पनि त्रिविसँग मात्र होइन, संसद् र सरकारहरूमा नै निहित हुन्छ ।

तीन दशकअघि उठेर पनि बैठान भइसकेको मुद्दा फेरि बिउँताएर, र वास्तवमा अझ धेरै व्यापक तुल्याएर के फाइदा हुन सक्ला र भन्ने प्रश्न उठ्न सक्छ । तर "गाडी सकेको मुर्दा उखेल्ने दुस्साहस" गर्नुका पछाडि तीन ओटा कारण छन् । पहिलो र सबैभन्दा महत्त्वपूर्ण : भावी सन्ततिको भविष्य सपार्न यो पाइला चाल्नु अनिवार्य छ । यथास्थितिमा त्रिविको अर्थात् त्यहाँ हाल अध्ययन गरिरहेका लगायत भविष्यमा अध्ययन गर्ने विद्यार्थीहरूको शिक्षाको गुणवत्ता थोरै मात्र सुधार्न सकिएला, उल्लेख्य हदमा उकास्न सकिने गुञ्जायस छैन । समग्र संरचनाकै परिवर्तन अनिवार्य छ । सरकारले यो काम फत्ते गर्ने-नगर्ने कुरा अत्यन्त महत्त्वपूर्ण छ । सरकारले पहिला त गरेन भनेर महत्त्वपूर्ण नीति अनावश्यक वा अर्थहीन हो भन्नु पटक्कै युक्तिसंगत हुँदैन ।

दोस्रो, माथि भनिए झैँ, तीन दशक अघिको प्रयास साँघुरो थियो । एक, प्रस्तावक—मुख्यतया विश्व बैंक—को दायरा साँघुरो थियो । अनि मूल प्रस्तावहरू बारेको नेपालीमाझ रहेको बुझाइ पनि संशयपूर्ण थियो । दुई, त्यो बेला खोजिएको स्वायत्तताको दायरा पनि मूलतः वित्तीय स्वायत्ततामा सीमित थियो । रामपुर क्याम्पस, पृथ्वीनारायण क्याम्पसहरू

त्रिविबाट निस्किएर छुट्टै स्वायत्त विश्वविद्यालय बन्न खोज्दाको जुन कहानी छ, सो समेत प्रस्तावकहरूको अर्ध लगाव र साँघुरो वृत्त, त्रिविको अनिच्छा र मूलतः जनप्रतिनिधि र सरकारको त्यस प्रक्रियामा रहेको असंलग्नताको कारण भएको हो । तसर्थ, फराकिलो वृत्त ओगटेको; राजनीतिक, बौद्धिक र नैतिक पृष्ठभूमि समेत बोकेको; र माथि कल्पना गरिएको शैक्षिक जमात जस्तो देशभरि जरा फैलाएको प्रस्तावकहरू रहेको समूहले यो अवधारणा अघि बढाउन सक्दा तीन दशक अघिको भन्दा अहिले यो कार्यक्रम सफल हुने धेरै सम्भावना छ ।

तेस्रो, तीन दशकअघि नेपालको राजनीतिक स्वरूप संघीय चरित्रको थिएन । अहिले भने प्रादेशिक "ठूला" सरकारले आफै वा प्रदेशका "ठूला" नगरपालिकाहरूको समेत सहयोगमा स्वायत्त र उत्कृष्ट विश्वविद्यालयको स्थापना र विकास गर्ने सम्भावना उल्लेख्य रहेको छ । तर, नवगठित विश्वविद्यालयको मूर्त स्वरूप कस्तो हुन्छ, के पढाइन्छ र सिकिन्छ आदिबारे भने प्रादेशिक जनप्रतिनिधि र सरकारहरू धेरै हदमा सुशिक्षित हुन बाँकी छ । जहाँ इच्छा, त्यहाँ उपाय भने झैँ आ-आफ्नो प्रदेश, नगर आदिका युवाहरूको बौद्धिक जागरणपट्टि उन्मुख केही जनप्रतिनिधिहरू स्वायत्त विश्वविद्यालय निर्माण गर्न इच्छुक रहेको बुझिन्छ । यो इच्छालाई उकेरा लगाउन सक्दा स्वायत्त र उत्कृष्ट विश्वविद्यालयहरूको जग बसाल्न पहिलेभन्दा धेरै सम्भव छ ।

## सुधार-सूत्र तीन : पठन-पाठनको पुनरावलोकन

हालको त्रिवि र अन्य सबैजसो विश्वविद्यालयहरूको उद्देश्यको दायरा अत्यन्त साँघुरो र गलत छ । उच्च नैतिक र व्यावसायिक धरातलमा दिगो रूपमा उभिइरहन सक्ने, ज्ञानको गहिराइमा डुबिरहन मन गर्ने, सत्यको निरन्तर खोजी गरिरहने र आफ्नो जीवनको सार्थकता यिनै गुण देख्ने शिक्षक एवं विद्यार्थी तयार गर्ने ध्येय हाम्रा विश्वविद्यालयहरूले बोकेकै छैनन् । थोरै मात्र विद्यार्थीले तोकिएका पाठ्य सामग्री प्रयोग गर्छन् । अधिकांश शिक्षकहरू समेत तोकिएका पाठ्यपुस्तक पढ्दैनन् । असान्दर्भिक र सारसंक्षेप मात्र भएको, अति सरलीकृत र सकेसम्म पातलो किताबबाट नोट तयार गर्छन् । व्याख्या समेत नगरी त्यही नोट बोर्डमा लेखिदिन्छन् । जाँचको एक महिना वा एक हप्ता वा एक दिनअघि ज्ञानको जीवन्तता र सारतत्त्व गायब पारिएको सारसंक्षेप-पुस्तिका (दक्षिण एशियाली भाषामा "की") पढ्छन् । केही विद्यार्थी केही नै पढ्दैनन्, तर पनि परीक्षामा सामेल हुन्छन्, अनि उत्तर पुस्तिकामा फगत गफ लेख्छन् । केही विद्यार्थी, जसमध्ये राजनीतिक दल र तिनका गुट, उपगुट, नेताविशेषका धाप पाएकाहरू पर्छन्, शिक्षकलाई आफूलाई पास गर्दिन धम्क्याउँछन् । विद्यार्थीको एउटा उल्लेख्य हिस्सा भने परीक्षामै सरिक हुँदैन, र आफै लगायत शिक्षक, मुलुक र विश्वलाई घाटामा पार्छ ।

अर्कोतर्फ, अधिकांश प्राध्यापकमा ज्ञानको मोह छैन । स्थापित ज्ञानको शोध गर्ने रहर, सीप, जाँगर अधिकांशमा छँदैछैन । धेरैजसो प्राध्यापकहरू आफू पढ्दाताकाका अन्य विद्यार्थीभन्दा राम्रै हुन्, तर थोरैले मात्र । खासमा "सा.ले.प." अर्थात् साधारण-लेख्न-पढ्न जान्ने मात्र । सकेसम्म धेरै ओटा क्याम्पसमा धाएर सकेसम्म धेरै पिरियड पढाउने र कमाउने ध्येय देखिन्छ उनीहरूको । व्यावसायिक श्रेष्ठता र नैतिकता, शोधको मोह, मौलिक लेख, पुस्तक आदिको प्रकाशन, आफूमाथि भरपर्ने विद्यार्थीगण प्रतिको समर्पण आदि गुणहरू उनीहरूमा खोज्दा खासै फेला पर्दैन । साथै, शिक्षक र विद्यार्थी दुवैलाई यही स्थितिमा रहीरहन साथ दिने विश्वविद्यालयको व्यवस्थापन छँदैछ । यो व्यवस्थापनलाई चाहेमा पनि स्थिति परिवर्तन गर्न अघि सर्ने स्वायतत्ता छैन । कानूनमा छैन, आर्थिक सबलतामा छैन, प्रशासनिक-राजनीतिक हिसाबले छैन । कहीँ कतै केही भइहालेछ भने त्यो मूलतः सचिव, मन्त्री, प्रधानमन्त्री सँगको लेनदेन र हिमचिमले मात्र हो । प्रणालीगत सुधारको व्यक्तिगत व्यावसायिक अठोट, जाँगर र त्यागमा आधारित परिवर्तनको गुञ्जायस त्यहाँ अत्यन्त न्यून देखिन्छ ।

सुधारिएको, उँभो लाग्दै गरेको उच्च शिक्षा प्रणालीका लागि भने यी उल्लिखितभन्दा धेरै नै भिन्न दिशामा कार्यक्रम तय गर्नुपर्छ । हरेक नयाँ विद्यार्थीले असीमित सम्भावना बोकेर विश्वविद्यालय प्रवेश गरिरहेको हुन्छ । त्यस्तो सम्भावनाले मूर्त रूप पाउन सक्ने समग्र वातावरण विश्वविद्यालयले तयार गर्नुपर्छ भन्ने मूल ध्येयलाई गहिरो गरी मनन गर्नुपर्छ । यहाँ विश्वविद्यालय भन्नाले त्यसका पार्श्ववर्ति संस्थाहरू—सरकार, दल, नागरिक संस्था, उद्योगी-व्यापारी, श्रमिक, अध्यापक, प्रशासक र विद्यार्थी लगायत विद्यार्थीले पढाइ (स्नातक) पूरा गरेपछि काम गर्न जाने व्यवसायका प्रतिनिधिहरू आदि समेतलाई भन्न खोजिएको हो । अथाह सम्भावना बोकेर आएका विद्यार्थीलाई विशाल सपना देखाउने, ती सम्भावनाहरूमा मासु भर्ने, तिखार्ने र मूर्त रूप दिने काम मूलतः प्राध्यापकहरूको हो । विश्वविद्यालयको कुन निकायबाट के सेवा पाउन सकिन्छ भन्ने सूचना दिने काम शिक्षक, प्रशासक र पढ्दै गरेका र पूर्ववर्ति विद्यार्थीहरूको हो । विद्यार्थी र स्नातकको दायित्व बुझाउने काम सरकारी अधिकारी, विद्वान् तथा प्रतिष्ठा आर्जन गरेका व्यक्ति, शिक्षक र पूर्व विद्यार्थीहरूको हो ।

उल्लिखितमध्ये सपना देखाउने काम सबैभन्दा महत्त्वपूर्ण हो । यस अन्तर्गत १) हरेक विद्यार्थी र भौतिक, जैविक, सामाजिक विश्व बीचको सम्बन्ध, २) हरेक विद्यार्थी र समग्र विश्व, मुलुक र स्थानिय इतिहास बीचको सम्बन्ध, र ३) विद्यार्थी र प्रकृति बीचको सम्बन्धको चरित्र मूर्त तहमा स्थापित गर्नुपर्ने हुन्छ । यसै गरी, हरेक विद्यार्थी र सामाजिक भिन्नता तथा असमानता बीचको सम्बन्ध लगायत नागरिकत्व, सद्भाव लगायत महिला-पुरुष, दलित-गैरदलित लगायत अन्य समूहहरू बीचको सम्बन्ध उजागर गर्नुपर्ने हुन्छ । अर्थात्, कुनै पनि विद्यार्थीको आफ्नै र नजिकका अन्य व्यक्तिको विश्व र इतिहास सँगको

सम्बन्ध मूर्त नतुल्याउञ्जेल पढाइमा विद्यार्थी वस्तुतः संलग्न हुँदैन । आफू असंलग्न ज्ञानले सूचना थोपर्छ; सोच, विश्वदृष्टि बनाउन सघाउँदैन । यी सबैको उद्देश्य चौतर्फी जागरुकता बोकेको जिज्ञासु विद्यार्थी तयार गर्नु हो । आफैलाई तथा मुलुक र विश्वलाई ठीक दिशा दिन यस्तै विद्यार्थीले मात्र सक्छन् । संसारका श्रेष्ठ विश्वविद्यालयहरूमा यो महत्त्वपूर्ण कामको शुरूआत विद्यार्थी भर्ना भएको पहिलो हप्तामै शुरू हुन्छ । अनि यो प्रक्रिया रफ्तारमा अघि बढ्छ ।

विश्वइतिहास र आफू बीचका गहन सम्बन्धहरूसँग एकाकार हुन विद्यार्थीलाई प्रेरित गर्ने मौका यही हो । विश्वऐतिहासिक परिस्थिति अन्तर्गत आफू र आफ्ना नातेदार, छिमेकी, समुदाय, परिवार, जात, लिंग, वर्ग, मुलुक आदि पनि पर्छन् । यी सबैको उतार-चढाव र परिवर्तनको इतिहासले पाठ सिकाउँछ । विश्वविद्यालयको पहिलो खुट्किलो टेक्ने एउटा १८–१९ वर्षको विद्यार्थी घरपरिवार, समुदाय आदि सापेक्षिक हिसाबले साँघुरा सम्बन्धभित्र रुमल्लिएको स्थितिबाट भर्खर बाहिर निस्कँदै गरेको हुन्छ । उसले यो विशाल विश्वइतिहासमा लिन सक्ने “जमिन” को आकलन गर्नसक्ने स्थिति निर्माण गर्ने बेला हो यो । पाठ्यपुस्तक मात्र पढाएर, फलानो लेखकले फलानो भन्यो भनेर नोट लेखाएर विश्वविद्यालयको ओज धानिँदै धानिँदैन । हेक्का रहोस्, “युनिभर्सिटी” शब्दले पृथ्वी मात्र नभएर समग्र ब्रह्माण्डको समेत ख्याल राख्न र यसबारे खोजीपस्न आग्रह गर्छ ।

पढ्ने-पढाउने भनेको कुन लेखकले के भने भनेर सम्झने, घोक्ने र सो अक्षरश जाँच-कापीमा उतार्ने वा सार्ने होइन । आफूले पढेका लेख वा किताबसँग आफ्नै जीवन, आफू वरिपरिकाको जीवन लगायत आफ्नो परिवारको, समुदायको, लैंगिकताको, जातको, प्रकृतिको, खेतीपातीको, उद्योग-व्यापारको महत्त्व र परिवर्तनबारे गम्भीर एकालाप गर्ने, साथीभाइ-शिक्षकसँग मन्थन गर्ने र निचोडमा पुग्दै जाने प्रक्रिया हो । पाठ्यपुस्तक, शिक्षक, सहपाठी, नातेदार, साथी आदि सबैबाट सूचना, विचार, ज्ञान लिने तर ती सबैलाई संश्लेषण गर्दै अनि पर्गेल्दै जाने हो । स्थापित संरचना, संस्कार, परम्परा, मूल्य-मान्यता, रीति-थिति आदिलाई प्रश्न र समालोचना गर्न सिक्ने हो । अनि दुधको दुध, पानीको पानी छुट्ट्याउन सिक्ने हो । वैचारिक बिरालो बाँध्नु पढ्नुको विपरीत हो । अपठित बन्नु हो । समालोचना नगर्नु अन्धविश्वासी बन्नु हो । आफैलाई अवमूल्यन गर्नु हो । ज्ञानलाई परिवर्तनशील होइन, स्थिर मान्नु हो ।

यी उल्लिखित अवधारणासँग त्रिवि र हाम्रा अन्य विश्वविद्यालयमा भइरहेका अध्ययन-अध्यापनका अभ्यासलाई दाँजेर हेरौँ । के हामी हाम्रा सन्तति, छोरी-छोरा, भाइ-बहिनी आदिलाई र तिनले आफ्नो उमेरमा निर्माण गर्ने साथी-संगाति, समुदाय र मुलुकलाई न्याय गर्दैछौँ ? के हामीले उनीहरूलाई वा आफ्नै सन्तान र नजिकका बालबच्चाहरूलाई कुबाटोमा लगाएर घोर अन्याय गर्दैछैनौँ ? उज्यालो बाटोमा लगाउन सकिन्छ भन्ने

जान्दाजान्दै, मन पोल्दापोल्दै हामी आफै हिँडेको र अझ भत्केको बाटोतिर हिँडाएर १८–१९ वर्षका युवालाई किन भीरबाट धकेल्दैछौँ ?

विश्वविद्यालयमा "के पढाउने" मात्रै होइन, कसरी पढाउने भन्ने सवाल उत्तिकै महत्त्वको छ । पहिले "के पढाउने" तिर जाऔँ । विशिष्टीकृत वा बहुशास्त्रीय जस्तो विश्वविद्यालय भए पनि अधिकांशले खास एउटा शास्त्रको मात्र होइन त्यो शास्त्रलाई मलजल गर्ने र आधार दिने अरू शास्त्र, दृष्टिकोण र मूल जानकारी दिने कोर्सहरू समेत पढाउने गर्छन् । वस्तुतः शास्त्रहरूको बीचमा पर्खाल हुँदैन । एउटा शास्त्र अरू अनेकन् शास्त्रहरूको आडबलमा उभिएको हुन्छ । आफै एक्लै उभिन सक्ने शास्त्र कुनै छैन । मानवजीवन सबै शास्त्रहरूको एकत्रित खजाना हो । विद्यार्थीले आफ्नैबारे लगायत आफ्ना नजिकका व्यक्ति, समुदाय, वर्ग, लिंग, जात, जाति, प्रकृति, कृषि, उद्योग, स्वास्थ्य, शिक्षा आदि जेसुकैबारे पनि बुझ्न एउटै मात्र शास्त्र पढेर पुग्दैन । तसर्थ, सबै उच्चकोटिका विश्वविद्यालयमा चार वर्षको बीएको लागि करिब दुई वर्ष मूलतः आफूले मुख्य स्नातक उपाधि आर्जन गर्ने शास्त्र होइन अरू-अरू शास्त्रहरूको पढाइ गरिन्छ । आफ्नो शास्त्रको पढाइ कुल कोर्सहरूको एक तिहाई र विरलै मात्र आधाजति हुने गर्छ । यसो गर्नुको उद्देश्य हरेक विद्यार्थी—भविष्यको नागरिक, उपभोक्ता, श्रीमती, श्रीमान्, शिक्षक, वैज्ञानिक, आदि—ले विशिष्टता हासिल गर्दैगर्दा चौतर्फी सूचना, ज्ञान-सीप आदि बटुल्नु र प्रशोधन गर्नुपर्छ र जीवनभरि यो काममा जुटिरहनुपर्छ भन्ने हो । साथै, शुरूमा फलानो विषय पढ्छु भनेर आएको युवावयको विद्यार्थीको अठोट अपरिपक्व हुन सक्छ । र, धेरै ओटा शास्त्रको चिनारी पाएपछि उसले गर्ने चयन बढी परिपक्क हुन्छ भन्ने पनि हो ।

उपरोक्त तथ्यलाई नेपालको उच्चशिक्षाको अभ्याससँग दाँजौं । हामीकहाँ कक्षा ११–१२ देखि नै अति साँघुरो विशिष्टीकरण शुरू हुन्छ । मानौँ छानिएको शास्त्र बाहेक अन्य सबै शास्त्रहरू, जीवन र समाज, प्रकृति, इतिहास, यो विश्वका भौतिक र जैविक उत्पत्ति र उद्विकास गौण वा फाल्तु हुन् । मानव उद्विकास, भिन्नता र असमानता र त्यसले आफूमा पारेका छाप नगण्य हुन् । सद्भाव र समानुभूति के हो, सोको आफैमा समेत खेती गर्न किन कठिन छ, तर नगरिकन असल व्यक्ति बन्न किन सकिँदैन, आदि प्रश्नहरू महत्त्वहीन हुन् । यहाँ सम्म कि, आफ्नै इच्छा-आकांक्षा के हो सोको पनि खास अर्थ छैन । सो इच्छा-आकांक्षा ठूलो दायरामाझबाट चयन होस्; आफ्ना मित्रगण, पूर्व विद्यार्थी, शिक्षक, लेखक लगायत समाजमा आफ्नै कर्मबाट प्रतिष्ठा आर्जन गरेका व्यक्तिहरूबाट समेत हरेक विद्यार्थीले सिकून् भन्ने सोच पलाउन नदिने परिपाटी ज्ञान आर्जन र सोधका लागि नितान्त प्रत्युत्पादक छ ।

पढ्नु भनेको पाठ र विद्यार्थीको आफ्नै जीवनको यथार्थ, र आफ्नो भौतिक, जैविक, मनोवैज्ञानिक, सामाजिक परिस्थिति र प्रक्रियासँग एकाकार बन्नु हो । पढाउनु भनेको

रटाउनु होइन, सम्झनु पनि अलिअलि मात्रै हो । बरु हरेक विद्यार्थीले पाठ्यपुस्तक पढेर, शिक्षकहरूलाई सुनेर, समाज, प्रकृति आदिको पदचाप बुझ्दै गमखान र रम्न प्रेरित गर्ने हुनु हो ।

पढ्नु भनेको मूर्तरूपले सिलसिला मिलाएर, अंग र प्रमाण जुटाएर सारतत्त्व सहित बोल्न र लेख्न जान्नु हो । सूचना केलाएर संश्लेषण गर्न सिक्नु हो । सूचनालाई चटक्क पारेर टुक्र्याउनु, फेरि एकीकृत गर्नु, र सो सम्प्रेषण गर्न जान्नु हो । अरूबाट सिक्दै आफै रचना गर्न सिक्नु हो । रचना भन्नाले साहित्य रचना मात्रै होइन, प्राज्ञिक लेखन, वैज्ञानिक लेखन, आदि समेत हो । अरूले लेखेको पढिएको छ, तर आफूले बुझेर आफ्नै विश्लेषण र धारणाका आधारमा ढंग पुऱ्याएर भन्न र लेख्न नसक्ने हो भने विश्वविद्यालयको पढाइले पटक्कै सार्थकता पाउँदैन । संसारका सबैजसो उच्च श्रेणीका विश्वविद्यालयहरूमा दुई ओटा सेमेस्टरमा "लेखन कक्षा" लिनै पर्छ । "पढेको विद्यार्थीलाई राम्रो लेख्न आउँछ" भन्ठान्नु गलत हो । पढेको मान्छेले आफैले अझ गहिरो गरेर बुझ्न र सारतत्त्व सहितको आफ्नै भनाइ अघि सार्न सो लेखन कक्षाको उपयोग गरिन्छ ।

यसै गरेर, हिसाब, तथ्यांकशास्त्र आदिको पनि प्रायः एक-दुई ओटा छुट्टै कोर्स अनिवार्य हुने गर्छ । तथ्यांक पढ्न, विश्लेषण गर्न र निचोड पस्किन जान्नु वर्तमान जीवनको अभिन्न अंग हो । न्यूनतम हिसाब गर्न र त्यसको अर्थ बुझ्न र बुझाउन नसक्ने स्थितिमै बीए पास गर्नु-गराउनु नाकामी हो । वास्तवमा हिसाब एउटा भाषा हो, जुन विश्वभरि नै एकै प्रकारले बुझ्न र बुझाउन सकिन्छ । घोकेर र घोकाएर पढ्ने-पढाइने हिसाबले भने कसैको हित गर्दैन ।

विद्यार्थीलाई लेख्न सक्ने तथा तथ्यांक केलाउन र बुझाउन सक्ने क्षमता विकास गराउने परिपाटी के-कस्तो छ भनेर हाम्रो त्रिवि वा अन्य विश्वविद्यालय हेरौँ । स्कूलदेखि नै आफैले रचना गर्न नसिकाइने हुनाले विद्यार्थीमा त्यसको बानी परेको हुँदैन, अथवा उनीहरूको लेखाइ अत्यन्त कमजोर तहको हुन्छ । लेख्न त के, तथ्य-तथ्यांक र गुदी सहित तीन-चार मिनेट एउटै विषयगत समस्यामा बोल्नु पऱ्यो भने पनि धेरै जसो विद्यार्थीहरूलाई हम्मे पर्छ । सार्ने बाहेक आफ्नै बुताले रचना पस्कन नसक्ने विद्यार्थी तयार गरेर विश्वविद्यालय र प्राध्यापकले कसरी मानो पचाएका छौँ, त्यो हामीकहाँ हेर्न लायक छ ।

माथिको विवेचनाको अर्थ सरल छ । त्रिवि र अन्य विश्वविद्यालयहरूले विद्यार्थीहरूलाई कुनै एउटा शास्त्रमा उच्च गुणवत्ता सहित पढाउन थाल्नु पऱ्यो । तर, यतिले मात्र यथेष्ट हुँदैन । अन्य शास्त्र र विषय बारेका ज्ञान झण्डै उत्तिकै महत्त्वका हुन्, र विद्यार्थीहरूलाई व्यापकता बोकेको दृष्टिकोण र ज्ञानमा समेत प्रवृत्त गराउनु आवश्यक छ भनेर बुझ्नु पऱ्यो । व्यावसायिक जीवनको दौरानमा समेत व्यापकता बोकेको ज्ञानले आफ्नो क्षमता थप्छ । त्यसमाथि, कुनै पनि विषयमा स्नातक हुनेले प्राज्ञिक ढाँचामा सोच्न, बोल्न र लेख्न सक्नुपर्छ । र, कमसेकम थोर-बहुत अंक र मात्राको विश्लेषण बुझ्ने, आफैले सो विश्लेषण र संश्लेषण गर्नसक्ने र त्यसबाट उपयुक्त निचोड निकाल्न सक्ने बन्नुपर्छ ।

समग्रमा, हाम्रा विश्वविद्यालयहरूको विद्यार्थी परीक्षा-प्रणाली निकम्मा र प्रत्युत्पादक छ । रचनात्मक स्वलेखनमा होइन कि, घोकेर ओकल्ने प्रवृत्ति अत्यन्त हावी छ । हुन त केही वर्ष पहिलेको दाँजोमा हाल "आन्तरिक" परीक्षामा जोड दिइएको छ । यो चलन सापेक्षिक हिसाबले सही छ । तर "आन्तरिक" परीक्षामा पनि स्वरचनाले विरलै ठाउँ पाएको छ । अनि "आन्तरिक" परीक्षामा खास गरेर शिक्षकहरूले व्यावसायिक धर्म पालना नगर्दा निम्न कोटिको विद्यार्थीले समेत पास मात्र गर्दैन, ऊ उच्च श्रेणीको "हकदार" समेत हुन्छ ।

परीक्षाको सहायक उद्देश्य विद्यार्थीको ल्याकत जाँच्नु भए पनि मूल उद्देश्य उनीहरूको क्षमता उकास्नु हो । तसर्थ, पढाइ र परीक्षा सँगसँगै जानुपर्छ; परीक्षा लगातार भइरहनु पर्छ, सत्रको अन्तमा मात्र होइन । साथै, विद्यार्थीले शिक्षकबाट लगातार सुझाव (फीडब्याक) पाइरहनु पर्छ । परीक्षाको कापी अनेकन् सुझाव सहित विद्यार्थीकहाँ फर्कनु पर्छ । स्वरचनालाई सबै तहहरूमा प्राथमिकता दिनुपर्छ । स्नातकोत्तर तहमा भने स्वरचना नै एक मात्र परीक्षाको आधार बन्नु पर्छ । स्नातकोत्तर तह वैचारिकीको निर्माण र प्रशोधन गर्ने तह हो । अरूले लेखेको र भनेको सुनेर र पढेर लेख्ने तह होइन । अरू धेरैबाट सिक्ने तर आफैले विचार बनाउने, माझ्ने, फेरि माझ्ने तह हो । स्नातकोत्तर तहले यो गहन प्रक्रियामा सघन रूपले सरिक हुन विद्यार्थीलाई अभिप्रेरित गर्ने र तालिम प्रदान गर्ने हो ।

## सुधार-सूत्र चार : सही प्राध्यापकको चयन

प्राध्यापक विश्वविद्यालयको अत्यन्त महत्त्वपूर्ण अंग हो । ऊ प्रथमतः प्रज्ञाको परिचायक हो । विद्यार्थी, प्रशासक र विश्वविद्यालय बाहिरको संसारबाट सम्मान पाउन लायक हुनुपर्छ प्राध्यापक । जतिजति प्राध्यापक वरिष्ठताको सोपान चढ्दै जान्छ, उसले त्यसरी नै सम्मान र प्रतिष्ठा आर्जन गर्दै जानुपर्छ । यस्तो सम्मान र प्रतिष्ठाको आधार विषयवस्तु र शास्त्रमाथि उसको स्नेह, लगन र प्रमाणित खुबी, शिक्षण सामग्रीको तयारी र कक्षाकोठामा गरिने शिक्षणको तह, तथा बौद्धिक र केही हदमा नीतिगत शोधमा आश्रित हुन्छ । तर, त्रिवि लगायतका हाम्रा अरू विश्वविद्यालयभित्र नयाँ प्राध्यापक प्रवेश गर्दा र त्यस पछिका वर्षमा उनीहरूको पदमा बढोत्तरी गर्ने प्रक्रिया पटक्कै चित्तबुझ्दो छैन । पदोन्नतिको नीति र अभ्यास या तौरतरिका उत्तिकै निरीह र शंकास्पद छ । शिक्षकलाई सबल नतुल्याई विश्वविद्यालयका भावी सन्ततिको भविष्य उजिल्याउन सकिँदैन । विश्वविद्यालयमा शिक्षकको प्राज्ञिक र व्यावसायिक गुण सर्वोपरि महत्त्वको छ ।

काठमाडौँ उपत्यका र अन्य ठूला शहरका कलेज/क्याम्पसमा हप्ताको दुई-चार पिरियड पढाएर आंशिक "ज्यालादारी" मा काम लगाउने र गर्ने चलन व्याप्त छ । खुबी भएका शिक्षकहरू र खुबी साह्रै कम भएका तर चिनजान, भनसुन र मुख्यतया दलीय लिस्नोमा उक्लन खप्पिस दुवै थरी प्राध्यापक स्थायी शिक्षकको रूपमा विश्वविद्यालय छिर्ने शुरूको

मूल बाटो यही हो । अर्थतन्त्रको विस्तार न्यून भएकाले, उच्चशिक्षामा लगानी कम भएकाले, र एमए पास हुने "धेरै" भएकाले क्याम्पसहरूमा यस्तै शिक्षकहरूको बाढी छ । धेरै क्याम्पसमा भएका थोरै स्थायी र करारपत्रमा नियुक्ति पाएका शिक्षकहरूले कक्षा एकदमै कम लिने वा लिँदै नलिने, र सबैजसो कक्षा यिनै "ज्यालादारी" शिक्षकहरूले लिने चलन गत दुई दशकदेखि फले-फुलेको छ । आंशिक "ज्यालादारी" शिक्षक लगायत करारमा पढाउने र स्थायी शिक्षकहरूले गुणस्तरयुक्त तवरले पढाउँछन्-पढाउँदैनन् सोको लेखाजोखा राख्ने चलन छैन । गतिलो शिक्षकलाई प्रश्रय दिने, अरू धेरै जसोलाई प्रोत्साहन गर्ने र कामै नलाग्नेलाई विदा गर्ने चलन, नियम, संरचना छैन ।

शिक्षणको हिसाबले त्रिविमा केही लायक, उच्च कोटिका शिक्षकहरू छन्—उप-प्राध्यापकदेखि प्राध्यापकसम्म । तर, लायक र नालायकको बीच भेद त्यहाँ छैन । भर्खरै एमए पास गरेकाहरू सबै शिक्षक बन्न लायक हुन्छन् भन्ने भ्रम व्यापक छ । वास्तवमा एमए वा सोभन्दा उच्च डिग्री हासिल गरेकाहरूको ज्ञानको तह र साथै शिक्षणको सीप र विद्यार्थीहरूसँग सम्बन्धको प्रकृति हेरी-बुझी मात्र पढाउने काममा लगाउनु पर्ने हो । पढाउनको लागि एमए वा विद्यावारिधि मात्र यथेष्ट हुँदै होइन । अझ, एक वर्षको इन्टर्नशिप, अग्रणी प्राध्यापकहरूबाट कक्षाको लगातारको अवलोकन र वास्तविक अभ्यासपछि मात्रै शिक्षकलाई "ज्यालादारी" वा अन्य ढोकाबाट भित्र्याउनु पर्ने हो । शुरूको तीन-पाँच वर्षसम्म हरेक सम्भाव्य लायक शिक्षक समेत अस्थायी हुने र त्यस अवधिभित्र शिक्षण र शोध दुवैमा आफूलाई खरो प्रमाणित गर्न थालेपछि र शिक्षण पेसामा नै रमाउने पक्का भएपछि मात्र स्थायी शिक्षक बन्न पाउनु पर्ने हो । यसो गर्दा मात्रै त्रिवि र नेपालका अन्य विश्वविद्यालयको स्तर उच्च बन्दै जाने थियो ।

त्रिविको प्राज्ञिक प्रणालीमा गम्भीर शोध गर्ने र प्रकाशन गर्ने परम्परा साह्रै कमजोर छ । प्राध्यापकहरूले शोध र प्रकाशन गर्दै गर्दैनन् भन्न खोजिएको होइन, तर त्यस्ता खाले प्राध्यापकहरूको संख्या साह्रै न्यून छ । शोधको महत्त्वबारे बहुसंख्य प्राध्यापकको दुईथरी दृष्टिकोण छ । पहिलो, पदोन्नतिका लागि जे-जति शोधपत्र/प्रकाशन चाहिन्छन् ती जसरी भए पनि सम्पन्न गर्ने, र थप गर्दै नगर्ने । जसले शोध/प्रकाशन गरेका छन्, तिनमा झेली गर्ने, चलखेल गर्नेहरू उल्लेख्य छन् । सम्पन्न गर्ने धेरै छन् । पदोन्नतिको ठिक्क बेला पारेर दुई-तीन जना मिलेर नयाँ जर्नल स्थापना गर्ने र तिनमा स्वायत्त सम्पादन मण्डलको पुनरावलोकनबिना खुसुक्क आफ्ना लेख छपाउने । वा, कुनै महत्त्व र विश्वसनीयता बिनाका पुस्तक-पुस्तिका आफ्नो नाममा आफैले प्रकाशन गर्ने । आफ्नो पुरानै किताब नयाँ शीर्षक र आवरण हालेर प्रकाशन गर्ने । आफ्ना चेला वा भनेको मान्ने कनिष्ठ प्राध्यापकलाई उसको किताबको नयाँ संस्करण निकाल्न वा पुनःमुद्रण गर्न लगाउने र आफ्नै नाम पनि लेखकमा खुसुक्क हाल्न लगाउने । त्यस बाहेक, दक्षिणी सीमा पारिका शहरबाट प्रकाशन

गरिने सक्कली/नक्कली जर्नलमा पैसा तिरेर लेख प्रकाशन गर्ने र तिनलाई "अन्तर्राष्ट्रिय" जर्नल भन्दै बुझाउने प्रचलन पनि छ । त्यस्ता कथित "अन्तर्राष्ट्रिय" जर्नलमा छापिएका लेखलाई पदोन्नति-प्रक्रियामा केही बढी नम्बर दिने चलन त्रिविमा छ । तर, कतिपय देशका विश्वविद्यालयहरूमा भने यस्ता जर्नलमा लेख प्रकाशन गरेमा जीवनभर नमेटिने प्राज्ञिक धब्बा लाग्छ ।

त्रिविमा शिक्षक भर्ना गर्दा वा शिक्षकको पदोन्नति गर्दा हरेक लेख वा पुस्तकको गुणवत्ता जाँच्न र थोरै वा धेरै नम्बर दिन सोही शास्त्रका वरिष्ठ प्राध्यापकहरूको एउटा समितिलाई जिम्मा दिने चलन छ । यो एउटा कामचलाउ तरिका हुँदाहुँदै पनि यो काम व्यवहारतः दुई-तीन घण्टाभित्र सम्पन्न गर्नुपर्ने हुन्छ । पदोन्नतिको लागि दुई-तीन जनाले मात्रै दरखास्त दिएको अवस्थामा पनि तीन जनाको समितिले सो काम त्यति समयमा इमान्दारीपूर्वक गर्न किमार्थ भ्याउँदैन । त्यसैले, अधिकांशतः यो जिम्मेवारीपूर्ण कार्य "बिरालो बाँध्ने" तहभन्दा माथि उक्लँदैन ।

शोध लेखहरू जाँच्ने लगायत अध्यापकका रूपमा स्थायी सेवा अन्तर्गत कसलाई भित्र्याउने वा बढोत्तरी गर्ने आदि सम्पूर्ण काम त्रिवि सेवा आयोग मार्फत हुने गर्छ । नेपालका अन्य विश्वविद्यालयमा पनि यस्तै छुट्टाछुट्टै सेवा आयोगहरू छन् र तिनले उस्तै किसिमको काम गर्छन् । विश्वविद्यालयको प्राध्यापक र प्रशासकको भर्ना र पदोन्नतिका नियमहरूमा एकरूपता कायम गर्नु सेवा आयोगको एक मात्र गुण हो ।

सेवा आयोगको व्यावसायिक श्रेष्ठता तात्कालिक नेतृत्वको चरित्रको कारणले केही तल-माथि हुने त गरेको छ, तर यो मूलतः अनावश्यक र प्रत्युत्पादक संस्था हो । यो खारेजयोग्य छ । सेवा आयोग निष्पक्षताको विरोधी संस्था पनि हो । खास गरेर पछिल्लो तीन दशकयता सेवा आयोग दलीय भागबण्डा मिलाउने औजार बनेको छ । नाजायज र गैरकानूनी काम गरेकोमा केही वर्ष अघिको सेवा आयोगको समग्र नेतृत्वविरुद्ध मुद्दा समेत परेको थियो । आफ्ना पछौटेहरूलाई जागिर दिन सकिन्छ भनेर कतिपय राजनीतिकर्मीहरू मुलुक भरका विश्वविद्यालयहरूका लागि एउटा मात्र सेवा आयोग हुनुपर्ने तर्क गरिरहेका छन्, जुन झनै प्रत्युत्पादक हुनेछ ।

माथि नै भनियो, त्रिविमा अध्यापन हुने हरेक विषयका लागि "विषय समिति" छ । हरेक समितिमा मुख्यतयाः त्रिवि भित्रका तत्तत् शास्त्रका सबैभन्दा जानिफकारहरू सम्मिलित हुन्छन् । त्रिविमा कुनै पनि शास्त्रका नयाँ प्राध्यापकहरू लिँदा वा पुरानालाई पदोन्नति गर्दा तत्तत् समितिका सबैभन्दा जानिफकार सदस्यहरू बाहेक अन्य सदस्य आवश्यक हुँदैनन् । तसर्थ, प्राध्यापक नियुक्ति वा पदोन्नति गर्नको लागि सेवा आयोगभन्दा कता हो कता वैध संस्था विषय समिति नै हो । अर्थात्, सेवा आयोग अनावश्यक संस्था हो । साथै, यसले दलीय लगायत अन्य पक्षधरता कायम गर्दै निष्पक्ष हुनै नसक्ने प्रमाणित

गर्दै आफ्नो सार्वजनिक वैधता पूर्णतया नष्ट गरिसकेको छ । त्रिविको स्तर उँभो लगाउनका लागि आवश्यक तत्त्वमध्ये सेवा आयोगको खारेजी पनि एउटा हो ।

त्यस्तै, यहाँ अर्को कुरा पनि भन्नै पर्छ—नयाँ अध्यापक नियुक्त गर्दा अवलम्बन गरिने तीन-घण्टे लिखित परीक्षा र छेउ न टुप्पोको अन्तर्वार्ताको कुनै उपादेयता छैन । वास्तवमा, नयाँ नियुक्ति गर्दा इच्छुक आवेदकको वैयक्तिक विवरण (सीभी), शोध-लेख, पुस्तक आदिका प्रति, विषय समितिका सदस्यहरूसँग एक-दुई पटकको छलफल/प्रस्तुति, सिनियर विद्यार्थीहरू सँगको छलफल र दुई-तीन ओटा कक्षा सञ्चालनलाई आधार बनाइएमा हालको भन्दा धेरै उच्च कोटिको कार्य सम्पादन हुनेछ ।

सेवा आयोगगको "बिरालो बाँध्ने" चलन अन्तर्गत १०औँ–२०औँ वर्ष पढाइसकेका अध्यापकहरूको पदोन्नतिको लागि समेत अन्तर्वार्ता लिने चलन छ । अर्थात् हरेक पाइलामा नाजायज नियन्त्रण कायम राखिरहने परिपाटी छ । फेरि पनि, सेवा आयोगको अन्तर्वार्ताभन्दा कक्षा सञ्चालनको गुणवत्ताबारे तत्तत् शास्त्रको विभागका प्राध्यापक र विद्यार्थीहरूको राय, शोध र अन्य प्रकाशनहरूको पुनरावलोकन मार्फत पदोन्नति गर्दा प्राध्यापकहरूको चयन धेरै बढी गुणस्तरयुक्त बन्छ ।

नयाँ नियुक्ति वा पदोन्नतिबारे हल गर्नुपर्ने अर्को समस्या "आन्तरिक" र "खुला" तथा सेवा अवधिसँग सम्बन्धित छन् । विश्वविद्यालयले समस्त विश्वऐतिहासिक प्रवाह बुझ्न र बुझाउने सामर्थ्य राख्नु पर्छ । यसका लागि विश्वविद्यालयमा खुला आधारमा श्रेष्ठ शिक्षकहरू नियुक्त हुनुपर्छ । "आन्तरिक" र साँघुरो आधारमा चयन भएका शिक्षकबाट विद्यार्थीले पाउने ज्ञान र तिनले गर्ने शोधकार्यको प्रकृति झन्-झन् साँघुरो र स्थानिक मात्र बन्न पुग्छ । खुम्चेको प्राध्यापक र खुम्चेको सोचले उत्कृष्टतातिर लग्ने कुनै गुञ्जायस हुँदैन । तसर्थ, प्राध्यापक नियुक्तिमा कमसेकम आधा सीट विश्वभरिका शास्त्रविशेषका ज्ञाताहरूका लागि खुला राख्नु पर्छ । त्यसो नहुन्जेलसम्म पदपूर्तिको आह्वान "आन्तरिक" नभएर सबै नेपालीका लागि खुला हुनुपर्छ । हाम्रो पुरानो नीतिशास्त्र वचन नै छ : सुगन्धित हावा खुला रूपले सबैतिरबाट बहून् । हालको संकीर्णता सम्पूर्ण रूपले त्याज्य छ । संकीर्णताले दुर्गन्ध सघन तुल्याउँछ ।

हाल त्रिवि र नेपालका अन्य विश्वविद्यालयमा पदोन्नतिका लागि धेरै अंकभार सेवा अवधिको छ । यो परिपाटी नितान्त गलत छ । सेवा अवधिले प्रज्ञा जाँचिदैन । कपाल नफुली पदोन्नति नहुने र कपाल फुलेपछि पदोन्नति पक्कै हुने चलन बन्द गरिनु पर्छ । कपाल फुलेका, दलीय संगठनमा लागेका तर पढलेखमा नलागेकाहरू त्रिविमा निकै बलिया छन् । व्यावसायिक रूपमा निकृष्ट र दलका पिछलग्गूहरू तिनका युनियन (प्राध्यापक संघहरू) को जोडबलमा मुख्यतः ल्याकतवाललाई छाडेर कपाल फुलेर अवकाश पाउने बेला

भएकालाई पदोन्नति गर्ने चलन त्यहाँ छ । विश्वविद्यालयलाई उत्कृष्ट बनाउन यसले गम्भीर बाधा पुऱ्याएको छ । यो परिपाटी त्याग्नुलाई उत्कृष्टतातर्फ लाग्ने एउटा कडी मान्नु पर्छ ।

त्रिविले वा नेपालका अरू विश्वविद्यालयहरूले नयाँ, उत्कृष्ट प्राध्यापकहरू झण्डै पाउन छाडेका छन् । कुनै-कुनै विषय अपवाद होलान् । सामाजिक विज्ञानका धेरैजसो विधामा गएको तीन दशकमा उच्च छाडौँ, मध्यम श्रेणीका विदेशी विश्वविद्यालयबाट उच्च डिग्री हासिल गरेका र मुलुक फर्केका नयाँ स्नातकहरू पनि विरलै त्रिवि-सेवामा छिरेका छन् । त्रिविबाटै उत्कृष्ट शोधपत्र तयार गरेर विद्यावारिधि हासिल गरेकाहरूले समेत सकेसम्म सरकारी र निजी क्षेत्र रोज्ने, अनि त्यता नपाए मात्र त्रिवि छिर्ने चलन बनेको छ । यसो हुनुमा मूलतः तीन ओटा कारण छन् । पहिलो, त्रिविको दाँजोमा संयुक्त राष्ट्रसंघका कार्यालयहरू लगायत अन्य अन्तर्राष्ट्रिय निकाय, गैरसरकारी संस्था आदिमा पाइने तलव-सुविधामा आकाश-जमिनको अन्तर छ । सरकारी जागिरमा तलवमान त त्रिविमा जस्तै हो, तर अरू सेवा-सुविधा बढी छन् । गैरकानूनी कमाइमा आँखा लगाउनेहरूका लागि त सरकारी जागिर कता हो कता आकर्षक छ । अर्धसरकारी क्षेत्रमध्ये केहीमा त्रिविभन्दा बढी आकर्षण छ । निजी क्षेत्र ठूलो, फैलिएको र विविध समेत छ । यसमध्ये केहीमा त्रिविभन्दा धेरै आकर्षण छ । पेन्सन समेतको मोटामोटी हिसाब राख्दा पनि विश्वविद्यालयबाट भन्दा अरू कतिपय क्षेत्रहरूमा बढी आम्दानी हुन्छ । उत्कृष्ट "पढैया" को नजरमा त्रिवि झन्-झन् कम पर्दैछ । यो भ्वाङ टाल्न सक्ने क्षमता त्रिविमा अत्यन्त थोरै छ, किनभने सरकारी तलवमानसँग त्रिवि गाँसिएको छ । बाँकी दुई ओटा कारण (तल चर्चा गरिएको) त्रिवि आफैले काबूमा राख्न सक्नुपर्ने समस्या हुन् । हालसम्म त्रिविले यतापट्टि कुनै अठोट देखाएकै छैन ।

एक, त्रिविको उपप्राध्यापक हुन चाहनेहरूमध्ये कतिपयलाई वेतनमान न्यून भए पनि मलाई स्थायित्व पनि उत्तिकै वा निकै प्यारो छ भन्ने लागेको हुन सक्छ । उनीहरूलाई छिट्टै स्थायी दरबन्दीमा राख्ने वा फलानो-फलानो खण्ड पूरा गर्ने बित्तिकै स्थायी बनाइने परिपाटी भएमा उनीहरू त्रिविमा छिर्ने र उत्कृष्टता कायम गरिरहने सम्भावना बन्छ । तर, त्रिवि यो मामलामा पनि लथालिंग छ । एक त त्रिविले आफूलाई निरीह ठान्छ । अनि त्रिवि भित्रको अनावश्यक र प्रत्युत्पादक रहेका अन्तर्दलीय कार्यकारी परिषद् सधैँ झैँ अनिर्णयको बन्दी बन्छ । लोकसेवा आयोगले झैँ मूलतः वर्ष-वर्षमा उपप्राध्यापकको लागि दरखास्त लिने वा दरखास्त ३६५ दिन नै खुला राख्ने परिपाटी गरेमा पनि स्थायित्व खोज्ने उत्कृष्ट "पढैया" युवा विद्वान्हरू त्रिवि छिर्न लालायित हुन सक्छन् ।

दुई, तर थरी-थरीका भनसुनले काम गर्ने भएपछि यहाँ उल्लेख गरेको "पढैया" सम्भाव्य प्राध्यापक कमै तलबमा तर स्थायी भएर त्रिविमा काम पाइएला भनेर कसरी विश्वस्त हुन सक्छ ? यहाँ उल्लेख नै गर्नु पर्ने एउटा व्यक्तिगत जानकारी छ—मेरा एक मित्र १४ वर्षपछि बल्ल त्रिविमा स्थायी भए । ती मित्र "पढैया" छन् । धैर्यवानको कुरै

नगरौँ । तर, त्यस्ता व्यक्ति विरलै भेटिन्छन् । त्यस्तै व्यक्ति फेरि छिट्टै पाइएला भन्नु जस्तो मूर्खता अरू केही हुँदैन ।

सारमा, उत्कृष्ट प्राध्यापकलाई आकर्षित गर्न, नियुक्त गर्न, पदोन्नति गर्न र अनेकौँ अन्य किसिमले गोडमेल र संवर्द्धन सक्दा मात्र हाम्रा विश्वविद्यालयको स्तर उकासिँदै जान्छ । विद्यमान परिपाटी र प्रक्रिया निक्खर अँध्यारो र अवनति तर्फको हो । यो बाटो छोड्न र उज्यालो बाटो लाग्न विलम्ब गर्नु हुँदैन । तर सम्भावना के प्रवल छ भने विश्वविद्यालय र सरकार हाँक्नेहरूले विश्वविद्यालयको हित ज्यादै कम र आफ्नो दलका अनगिन्ती कार्यकर्ता, नातेदार, आदिको भलाइलाई ज्यादै बढी वजन दिनेछन् । अहिलेको शैक्षिक प्रशासनमा आद्योपान्त फेरबदल पश्चात् उच्च गुणवत्ताका शिक्षकहरू भित्र्याएर मात्र त्रिविको स्तर उकास्न सकिन्छ ।

**अन्त्यमा,**

त्रिवि र नेपालका अन्य विश्वविद्यालयहरूको स्तरन्नोति गर्न माथिका चार ओटा खण्डमा देखाइएका समस्याहरू हल गर्नु आवश्यक छ । साथै, अन्य कतिपय समस्याले पनि हाम्रो विश्वविद्यालय-शिक्षालाई अधोगतितिर धकेलिरहेका छन् । तीमध्ये दुई-चार ओटा उल्लेख गर्दै, र छोटकरीमा उच्च शिक्षाको महत्त्वबारे केही प्रकाश पारेर यो आलेखको बिट मार्छु ।

माथि विश्व र विश्वविद्यालयको अन्तरंग सादृश्यबारे छोटो चर्चा गरियो । यो सादृश्यको अर्थ के पनि लगाउनु पर्छ भने विश्वका अन्य विश्वविद्यालयहरूसँग अन्तरंग सम्बन्ध नराखीकन हामीले विश्वलाई हाम्रो विश्वविद्यालय भित्र हुल्न, उनीहरूबाट सिक्न र आफूलाई मध्यम, उत्कृष्ट श्रेणीमा पर्नेहरूको समकक्षमा उभ्याउनै सक्दैनौँ । अन्तरविश्वविद्यालय सम्बन्ध सघन तुल्याउन प्राध्यापकहरूको शिक्षण र मूलतः शोधको, प्रकाशनको र स्रोत खोज्ने, गोष्ठी गर्ने, शिक्षणको लागि विद्यार्थी र प्राध्यापकहरूको लेनदेन गर्ने, आदि सहकार्य जरुरी हुन्छ । भनिरहन नपर्ला, "पढैया" प्राध्यापकको चयनबिना यस्तो सहकार्य असम्भव हुन्छ । अर्थात्, अहिले जे-जस्तो तौरतरिकाले प्राध्यापकको छनोट गरिन्छ, त्यसले त्यस्तो सहकार्य झण्डै निषेध गर्छ ।

हाम्रा सबै विश्वविद्यालय र अझ खास गरेर त्रिविले आफ्ना सबै पूर्व विद्यार्थीहरूको व्यवस्थित अभिलेख राख्ने, तिनको सञ्जाल निर्माण गर्ने र मुख्यतया अपनत्व अंगिकार गर्ने तथा सो अपनत्व कायम राखिराख्न विश्वविद्यालयको स्तर उच्च तुल्याउने कार्यमा नेतृत्व लिनुपर्छ । अपनत्व लिने पूर्व विद्यार्थीहरूको एकत्रित "बल" अत्यन्तै उपयोगी हुनसक्छ । हेक्का राख्नु जरुरी छ, त्रिविका पूर्व विद्यार्थीहरूको संख्या निकै धेरै छ । मुलुकका महत्त्वपूर्ण राजनीतिक, बौद्धिक, आर्थिक, औद्योगिक, व्यापारिक, आदि समस्त क्षेत्रहरू अहिलेसम्म पनि मूलतः त्रिविकै पूर्व विद्यार्थी र पूर्व प्राध्यापकहरूले धानेका छन् ।

विश्वका उच्चकोटिका विश्वविद्यालयहरूको वित्तीय सवलतामा समेत पूर्व विद्यार्थी, पूर्व प्राध्यापक आदिको उल्लेख्य भूमिका रहेको हुन्छ भन्ने हामीले हेक्का राख्नु जरुरी छ। तिनमा नयाँ विद्यार्थीहरूले पाउने छात्रवृत्ति समेत पूर्वविद्यार्थी आदिबाट प्राप्त दानदातव्यबाट सञ्चालित हुन्छ। त्रिवि भने आफ्नै बलको समेत चाल नपाएको हनुमान झैँ बसेको छ।

माथि "एकत्रित बल" को उल्लेख गरियो। यो बललाई विश्वविद्यालयका पूर्व विद्यार्थी, शिक्षक र प्रशासकहरू संगठित रहेको "एलमनाई" संघको रूपमा कल्पना गर्न सकिन्छ। यस्तो संघको उपादेयता उच्च हुन सक्छ। वास्तवमा त्रिविमा यस्तो "एलमनाई" संघ पाँच वर्षअघि नै बनिसकेको छ। तर यो संघ कानूनी र सांगठनिक दुवै रूपले कमजोर प्रतीत हुन्छ। त्रिविका पूर्वविद्यार्थी, शिक्षक र प्रशासकहरूको आफ्नो निर्णय वा त्रिवि सभाको निर्णयले यो संस्था खडा भएको होइन। बरु त्रिविको प्रशासनिक निर्णयको आधारमा यो खडा गरिएको छ। संगीन घडीहरूमा यस्ता निर्णयहरूले हावा खाने गर्छन्। संस्था बलशाली हुनको लागि सो संस्थाको निर्माण वलशाली आधारशिलामा ठडिनु पर्छ। निर्माणकर्ताहरूले अपनत्व ग्रहण गरेको हुनुपर्छ। त्यसो नहुँदा संगठनको ओज र स्थायित्व सधैँ कमजोर रहिरहन्छ। शंकाभाव प्रवल रहन्छ। बल एकत्रित हुन र रहन पाउँदैन। आशा गरौँ त्रिविले यसबारे थप सोच्ला र नयाँ पाइला चाल्ला।

विभिन्न दलमा संघटित विद्यार्थीहरूको त्रिविमा बोलबाला दिनानुदिन बढ्दो छ। प्रशासकहरूको कुरै छाडौँ, अधिकांश प्राध्यापकहरू समेत यस्ता विद्यार्थीबाट थुर्थुर छन्। विभिन्न संघ-संगठन, गुट-उपगुट र नेता-विशेषका नाममा विभाग पिच्छे "हप्ता उठाउने" चलन बसेको छ। यसका लागि तर्साउने, मेच-टेबुल फुटाउने, छानी-छानी बेइज्जत र सांघातिक हमला गर्ने सम्मको परिपाटी विद्यार्थीका कथित संघ-संगठनहरूको छ। विभागको एउटा कोठा, सिंगै विभाग, केन्द्रीय कार्यालय वा डीन, क्याम्पस प्रमुख लगायत उपकुलपति आदिका कोठाहरूमा ताल्चा लगाउने चलन सामान्य बनेको छ। आवाज उठाउनेहरूप्रति जाइलाग्नु सामान्य बनेको छ। पढाइ, परीक्षा आदिका सत्र र क्यालेण्डर भताभुंग छन्। परीक्षाफल समेत नराम्ररी प्रभावित छ। खास गरी, केही वर्षयता अधिकांश विभागमा आन्तरिक परीक्षामा र अन्तिम परीक्षामा समेत सबै वा सबैजसो विद्यार्थी पास हुन थालेका छन्। यति मात्र नभएर सबै जसोले उच्च श्रेणी अर्थात् "ए" अथवा "बी" पाउन थालेका छन्। प्राध्यापक र विभागीय प्रमुखको त्रास यसरी समेत प्रकट भइरेहेको छ। दिगो त्रासले स्वयंलाचारीको स्थिति परिपक्क बनिरहेको छ। यो लाचारी स्वयंमा व्यावसायिक नैतिकतामा आएको खडेरी र नैतिकता च्यूत हुँदाको अनुभूति पालेर बसिरहन सक्ने स्वयंभञ्जक जागिरेको परिचायक हो। विश्वविद्यालयको मार्क शीटमा पास हुने तर कामको जाँचमा फेल हुने स्थिति आम बनेको छ। जाहेर छ, त्रिवि र नेपालका अन्य विश्वविद्यालयहरूको भविष्य बिगार्ने—अर्थात् नेपालका भावी मूलकर्ताहरू, निर्माताहरू

बिगार्ने र यस मार्फत मुलुककै भविष्य भञ्जन गर्ने शक्ति र प्रक्रियाहरू अहिले राजनीतिमा भारिभरकम छन् ।

तर सँगै, त्रिविका हिमायतीहरू पनि धेरै छन् । हिमायती हुन इच्छुक बन्न सक्ने अझ धेरै छन् । यो शक्तिलाई संगठित गर्न सक्दा र माथि भनिएका समस्याहरूको समाधान निकाल्न सक्दा त्रिविको स्तर एक दशकभित्र हालको भन्दा धेरै माथि पुऱ्याउन सम्भव छ । तर सरकार र दलहरू त्रिविको स्तर सुधार्नमा बाधा दिने होइन, सहयोग गर्ने गरी आउनु पर्छ । मुलुकको सञ्चालन दल र दलीय सरकारले गर्ने हो । तर, संविधान, कानून, अरू मुलुक र विश्वविद्यालयहरूको दृष्टान्त र शिक्षाविद्हरूको विचार अन्तर्गत विश्वविद्यालय सञ्चालन हुने हो । दलीय थिचोमिचोले होइन । यदि यथास्थिति कायमै रहेमा विश्वविद्यालयहरू थप बिग्रन्छन् नै, साथै दलहरूको नाम र काम पनि कालो अक्षरले पोतिने निश्चित छ ।

तथापि, आशा नमारौँ, संगठित बनौँ, गर्नु पर्ने मुख्य कामहरूको सूची बनाऔँ; त्रिविका मित्रगण, दल र सरकार लगायत समाजका लब्धप्रतिष्ठित सबैसँग हातेमालो गरेर अघि बढौँ । नेपालको सरकार सबै नेपालीको सरकार हो । दल-विशेषको नेपाल सरकार हुँदैन । त्यस्तै, नेपालको संसद् सबै नेपालीहरूको हो, दल-विशेषको संसद् हुनुहुँदैन । नेपालीद्वारा निर्वाचित सांसद वा मन्त्रीको मूल जिम्मेवारी जनताप्रति हुनुपर्छ, दल वा नेताप्रति होइन । यति मात्र मान्दा र मनन गर्दा शिक्षा लगायत अरू सबैजसो क्षेत्रमा समस्याहरूको समाधान खोज्न हालको भन्दा धेरै सरल हुनेछ ।

त्रिविको स्तरोन्नति गर्ने ध्येय पवित्र र उपयोगी छ । आगामी दुई-तीन दशक सम्मको विचार गर्दा पनि सिंगो मुलुकको भविष्यको उल्लेख्य अंश त्रिविको र यसबाट पैदा हुने अन्य विश्वविद्यालयहरूको भविष्यसँग जोडिएको देखिन्छ । मुलुकमा अरू पनि विश्वविद्यालयहरू छन्, तिनको पनि स्तरोन्नति हुनुपर्छ र गर्न सकिन्छ । निकट भविष्यमा अरू नयाँ विश्वविद्यालयहरू थपिनेछन्, र तिनले पनि विद्यार्थी र मुलुकको भविष्य बनाउन योगदान गर्लान् भनेर आशा गर्ने ठाउँ छ ।

अन्तमा, विश्व, मुलुक, समुदाय र आफैलाई एकैसूत्रमा बाटेर बुझ्न र बुझाउन उच्च शिक्षाले सिकाउँछ । भूत, वर्तमान र भविष्यलाई बाट्न सघाउँछ । अर्थात् वर्तमान विश्वऐतिहासिक बिन्दुको एकापसको समतलता र उबडखाबड लगायत इतिहासको बहाव र ठहराइका बिन्दुहरू चिन्न सिकाउँछ । अथवा, नेपालको उच्च शिक्षाको अल्पविकसित परिप्रेक्ष्यमा भन्ने हो भने त्यसरी चिन्न सिकाउन थाल्नु पर्दछ । त्यसै गरी, उच्च शिक्षाले वैश्विक र स्थानिक अर्थात् वर्तमान विश्व, नेपाल र नेपाली एकापसमा कसरी जेलिएर रहेका छन् त्यसको चित्रण गर्छ । अनि, उच्चशिक्षाले मुलुक भित्रका सम्भावनाहरूको लेखाजोखा गर्न, उत्पादन वृद्धि गर्न, वितरण र अन्य समानता र समावेशिताका उपायहरू खोजबिन गरेर मुलुकमा राजनीतिक एकता कायम गर्न र कलह न्यूनीकरण गर्न सघाउँछ ।

अनेकन किसिमको संकुचितपनाबाट माथि उठीराख्न प्रेरित गर्छ । लोकतान्त्रिक मुलुकभित्र शक्तिसम्पन्न संस्था, पद र व्यक्तिहरूलाई प्रश्न गर्ने, समालोचना गर्ने र यसो होइन यसो गरौँ भन्ने सुझाव दिने स्वतन्त्र र सक्षम नागरिक निर्माण गर्न मद्दत गर्छ ।

## सन्दर्भ सामग्री

अधिकारी, कृष्ण र लोकरञ्जन पराजुली । सन् २०१४ । पोखरामा विश्विवद्यालय स्थापनार्थ भएका प्रयास र उच्च शिक्षाको राजनीति । *स्टडीज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी* १९(२) : ३२३–३४५ ।

मार्टिन चौतारी । २०७१ । *त्रि.वि. 'टुक्र्याएर' नयाँ विश्वविद्यालय बनाउँदाका जटिलता* । शोध-संक्षेप १४ । काठमाडौँ : मार्टिन चौतारी ।

मार्टिन चौतारी । २०७२ । *त्रिभुवन विश्वविद्यालयमा विकेन्द्रीकरण र स्वायत्तता* । शोध-संक्षेप १६ । काठमाडौँ : मार्टिन चौतारी ।

Parajuli, Lokranjan. 2018. Power Play: An Intricate Story of the Founding of Nepal's First University. Paper presented at the Annual Kathmandu Conference on Nepal and the Himalayas. July, Kathmandu.

UGC (University Grants Commission). 2021. *Education Management Information System: Report on Higher Education 2019/20 A.D. (2076/77 B.S.)*. Sano Thimi: UGC.

## लेखक परिचय

**चैतन्य मिश्र** नेपालका चर्चित समाजशास्त्री हुन् । त्रिभुवन विश्वविद्यालयमा करिब चार दशक प्राध्यापन गरेर सेवानिवृत्त मिश्रले थुप्रै पुस्तक लेखन/सम्पादन गरेका छन् । *एसेज अन द सोसियोलोजी अफ नेपाल* (सन् २००७), *हाउसहोल्ड्स, प्रोस्परिटी एण्ड पोभर्टी* (सन् २०१७ ), *पुँजीवाद र नेपाल* (२०७०), *लोकतन्त्र र आजको मार्क्सवाद* (२०७६) आदि पुस्तकका लेखक मिश्र नीति अनुसन्धान प्रतिष्ठानको पहिलो कार्यकारी अध्यक्ष समेत हुन् । ईमेल : mishrachaitanya@gmail.com